# परिच्छेद एकः परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा विकासको आधार हो । शिक्षा विकासको साँचो पनि हो । शिक्षाको अभावमा कुनै पनि प्रगतिको संभव छैन । एउटा शिक्षित व्यक्ति वा समाज भनेको विकसित समाजको संकेत हो । नेपालमा शिक्षा विकासको शुरुआत आधुनिक कालमा आएर वि.स. २००७ सालको राजनीतिक परिवर्तनसंगै भएको मानिन्छ । समाज परिवर्तनशील छ । परिवर्तित समाज अनुसार मानिसले हरेक क्षेत्रमा प्रतिस्पर्धा गर्न बाध्य छ । अझ नयाँ नेपाल निर्माण, लोकतान्त्रिक मूल्य मान्यता, मानव अधिकार, लैंगिक समानता, वाल अधिकार, महिला अधिकार, जातिय विभेद विरुद्धको अधिकार, वातावरणीय संरक्षण र सूचना प्रविधिको सर्वव्यापकताको स्थितिमा शिक्षाको महत्व झनै बढदै गइरहेको छ ।

शिक्षालाई समय सान्दर्भिक र उपयुक्त बनाउनकालागि नीति निर्माण, शिक्षा योजना, गुणस्तर, नियन्त्रण र व्यवस्थापनमा जनसहभागिता र समुदायको चासो तथा उत्तरदायित्वको विषय नवनाएसम्म समाज र शिक्षालाई एकाकार बनाउन नसकिने तथा शैक्षिक व्यवस्थापनमा समस्या आउने देखिन्छ । शिक्षक तालिमले पनि शिक्षाको गुणस्तरलाई मार्ग निर्देशन गर्दछ । कुनै पनि ज्ञानलाई अभिवृद्धि गर्न मध्यस्थकर्तालाई क्षमतावान तथा व्यवहारिक बनाउन तालिम महत्वपूर्ण हुन्छ । शिक्षक तालिमले विद्यालय शिक्षाको गुणस्तर बढाउन आधारभूत भूमिका खेल्दछ ।

शिक्षा भनेको जीवन आफै हो तर शिक्षा जिवनका लागि तयारी होइन । यसको आशय वालकले सिक्नका लागि उचित र उपयुक्त वातावरण प्राप्त गर्नु पर्दछ र आफुलाई वा आफ्नो जीवनलाई आवश्यक पर्ने कुराहरु अनुभव र प्रयोग बाट आफै सिक्न सक्नुपर्दछ । अर्थात सिकाइ वालकेन्द्रित हुनु पर्दछ । यसले गर्दा आफ्नो जीवनमा आइपर्ने कुनै पनि समस्यालाई सक्षमतापूर्वक आफै समधान गर्न सक्दछ र सफल

जीवन यापन गर्ने सक्दछ । विद्यालय वालकलाई शिक्षा दिइने थलो हो र त्यहाँ उसलाई आफुले चाहेनुसार सिक्न सक्ने वातावरण हुनु पर्दछ ।

शिक्षा र प्रजातन्त्र एक अर्काका परिपूरक हुन् । शिक्षाले प्रजातान्त्रिक विकासमा योगदान गर्दछ र प्रजातन्त्रले शिक्षाको विकास गर्दछ । प्रजातन्त्र मानव जीवनका लागि जति आवश्यक छ शिक्षा पनि प्रजातान्त्रिक विकासका मानव जीवनका लागि त्यति नै आवश्यकता छ शिक्षा विध डिवेका अनुसार प्रजातन्त्र भनेको सामुहिक जीवनको एक पद्धति हो र यो अनुभवहरुको परिष्कृत, परिमार्जित र संगठित रुप हो । अत : विद्यालय प्रजातान्त्रिक हुनु पर्दछ र सवैका अनुभवहरुलाई संगठित र व्यवस्थित रुपमा सिकाइने वातावारण विद्यालयमा हुनु पर्दछ । विद्यालयमा विद्यार्थीहरुको सरकारको विकास गराउनु पर्दछ । त्यस सरकारमा विचारहरुको स्वतन्त्र छलफल गराउनु पर्दछ, विद्यार्थी शिक्षकले संयुक्तरुपमा योजना वनाउनु पर्दछ र सम्पूर्ण शैक्षिक अनुभवहरुको पूर्ण सहभागीता हुनुपर्दछ ।

शिक्षा भनेको मानिसलाई ज्ञान, विज्ञान र विवेकले भण्डार भरिपूर्ण गरिने व्यवहहिक जीवन पद्धतिको मार्गदर्शन हो । मानिसलाई जीवनमा आइपर्ने विभिन्न कठिनाइ र समस्याहरुको सरल र सहज तरिकाले समस्या समाधान गरी समाजमा समायोजन गर्न सक्ने सिप, दक्षता, क्षमता र बुद्धिमता नै शिक्षा हो । शिक्षाले मानिसलाई मनमस्तिकभित्र रहेका अँध्यारा कोठोरीमा सलवलाइरहेका अज्ञानतालाई नष्ट पार्दै उज्यालो दिशातर्फ प्रज्वलित गर्दछ । नेपालमा विद्यालय शिक्षा वि.स १९१० देखी शुरु भए यता आज सम्म आउँदा देशभरमा प्रशस्त मात्रमा प्रा.वि , नि.मा.वि , मा.वि, उ.मा.वि तथा विश्वविद्यालयीय शिक्षा दिने विद्यालयहरु रहेका छन् । व्यक्तिमा रहेका अन्तरनिहित प्रतिभाको प्रस्फुटन गर्नु शिक्षाको मुख्य धर्म हो । शिक्षाकै माध्यमबाट मानिसका विचार , व्हार र बानीको समयअनुकुल परिवर्तन आउँछ । शिक्षाले व्यक्ति र समुहको सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक एवंम व्हारिकरुपमा रुपान्तरण गर्दछ । तसर्थ शिक्षा प्राप्तिका लागि आधारशिला हो । सिकाइ कोक्रोदेखि चिहानसम्म निरन्तर चलिरहने प्रक्रिया हो । यो प्रक्रिया अनुभवी,

अभ्यास, तालिम, प्रशिक्षण एवंम अध्ययन अन्तक्रिया आदिबाट अघि बढ्दै ज्ञान हासिल गरिन्छ ।

जीवनलाई व्यवहारिक रुपमा उत्कृष्ट र पूर्ण बनाउने शिक्षा नै आजको अवाश्यकता हो । विश्वमा नै अहिले सबैका लागि शिक्षा लागू गरिरहेको अवस्था छ । विश्वबाट निरक्षरता हटाउने अभियान चलिरहेको छ भने अर्कोतिर गुणस्तरीय शिक्षा पनि आजको प्रमुख चुनौतिको रुपमा रहेको छ । अत्याधुनिक विश्व बजारमा चल्न सक्ने शिक्षाको खाँचो छ । यसै सन्दर्भमा हाम्रो देशमा पनि सबै लिङ्ग, धर्म, जाति, वर्ग, विपन्न, अल्पसंख्यक आदि सबैलाई समानता र समताको शिक्षाको पहुँच पुऱ्याई न्याय दिने पहल भई रहेको छ । यसलाई सार्थक रुप दिने काम मुख्य गरी कार्यान्वयन तहमा रहेका शिक्षकहरुको नै हो । अतः यस उद्देश्य प्राप्तिका लागि शिक्षालाई व्यवहारमूलक, रोजगार एवम् क्षमतावान व्यक्ति उत्पादन गर्न शिक्षकहरुलाई प्रशिक्षण तथा तालिमको आवश्यकता पर्दछ । परम्परागत रुपमा शिक्षक जन्मन्छ बनाइदैन भनिन्थ्यो तर आजकल शिक्षक बनाइन्छ जन्मदैन भनिन्छ । त्यसैले थोरै समयमा सिकारुको विचार सोचाइ र व्यवहारमा धेरै वञ्छित परिवर्तन ल्याउन शिक्षकहरुलाई तालिम दिने परम्पराको विकास भयो र शिक्षणलाई एउटा प्राविधिक पेशाको रुपमा हेर्न थालियो । नेपालमा शिक्षा मन्त्रालयले आफ्नो सबैभन्दा बढी लगानी भएको कार्यक्रमको रुपमा शिक्षक तालिमलाई लिने गरेको छ । तालिम भनेको ज्ञान, सीप, प्रवृत्ति र व्यवहारमा परिवर्तन ल्याउने प्रविधि हो । कुनै पनि कार्य प्रभावकारी रुपमा संचालन गर्न प्राप्त सैद्धान्तिक ज्ञान र सीपलाई व्यवहारमा उतार्न वा आशा गरे अनुरुपका व्यवहार सिर्जना गर्नका लागि दिइने थप ज्ञान र सीपनै तालिम हो । हाल नेपालमा आधारभूत तहमा कम्तिमा कक्षागत दरबन्दी र विषयगत दरबन्दी समेत पुऱ्याउन नसकेको अवस्थामा त झन् शैक्षिक गुणस्तरको सम्भावना चुनौतीपूर्ण रहेको छ । नविनतम् ज्ञान, सीप र प्रविधिको विकास भइरहेको अवस्थामा ति कुराहरुलाई विद्यार्थी समक्ष पुऱ्याउन पनि शिक्षक तालिमको आवश्यकता पर्दछ । आधुनिक संचार माध्यम इमेल, इन्टरनेट जस्ता चिजको नेपालमा सबैठाउँमा उपलब्ध छैन । भएका ठाउँमा पनि त्यसको सही सदुप्रयोग गर्न सक्ने शिक्षकहरु कमै रहेका छन् । विश्वमा नयाँ नयाँ कुराको

आविष्कार, नविनतम् विधिको विकास भइरहेको हुन्छ । त्यसलाई विद्यालयको कक्षाकोठा भित्र समेत पुऱ्याउनु आजको अपरिहार्य आवश्यकता हो । यसको एकमात्र माध्यम शिक्षकहरुलाई तालिम प्राप्त बनाई सोही अनुसार शिक्षण गर्नु हो । त्यसैले पनि शिक्षक तालिमको आवश्यकता पर्दछ ।

आज २१ औं सताव्दीको युगलाई वैज्ञानिक युग, आधुनिक युग, ज्ञान विज्ञान र प्रविधिको युग, अझै सञ्चार, प्रविधिको युग कम्प्यूटराइजको युग भनी भन्ने गरेको छ । आजको विज्ञान र प्रविधिले भू मण्डलीय, विश्वव्यपिकरणमा देन दिइरहेको परिवेशमा सक्षम, योग्य र कुशल नागरिक तयार पर्न पनि  एक महत्वपूर्ण चुनौतिका रुपमा रहेको छ  । शिक्षा विकासलाई अझ बढावागर्न तालिम अनिवार्य सर्त हो ।

नेपालमा हाल आएर विद्यालयहरु २ तरिकाले संचालनमा आएका छन् । संस्थागत र सामुदाकि (सरकारी) गरी २ थरी विद्यालयहरु छन् । जसमा संस्थागत विद्यालयहरुमा अंग्रेजी माध्यमको प्रभाव बढी छ भने सरकारी विद्यालयमा नेपाली माध्यमबाट नेपाल सरकारले तोके बमोजिमको नै पाठयक्रम अध्यापन गराउनु पर्दछ । समाजमा हाल आएर अंग्रेजी शिक्षाको मोहले विद्यार्थीहरु नीजि विद्यालयमा थोपरिन पुगेका छन् भने अर्कातिर सरकारी विद्यालयका शिक्षकहरुलाई विद्यालय नै जादैनन् । गए पनि पढाउँदैनन् जस्ता आरोप लागि रहेको अवस्था छ । हुन पनि नीजि विद्यालयको तुलनामा बढी दक्ष जनशक्ति र तालिम प्राप्त शिक्षक सरकारी विद्यालयहरुमा छन् तर शैक्षिक उपलब्धि स्तर भने नीजि विद्यालयको राम्रो हुने गरेको छ । यसबाट पनि स्पष्ट हुन्छ कि सरकारी विद्यालयको पढाइ पक्कै पनि खस्केको छ । तथापि सरकारले वर्षेनी कैयौ रकम सरकारी विद्यालयका शिक्षकहरुलाई  तालिम दिनमा खर्च गर्दै आएको छ तर सो तालिम लिएपनि शिक्षकहरुले त्यसलाई पूर्णरुपमा लागू गर्न नसकेको देखिन्छ । त्यसका पछाडि के अप्ठयारा र असजिला छन् त भन्ने कुरामा मनन गर्नु र कारण खोजी गर्नु जरुरी देखिन्छ । नेपालको शिक्षामा विदेशी दातृ निकायहरुले ठूलो सहयोग पुऱ्याउँदै आएको छ । शिक्षकको तालिममा समेत ठूलो धनराशी खर्च हुँदै आएको छ तर शिक्षकहरुको मनोवृत्ति परिवर्तन हुन नसकेको हुँदा शिक्षणमा चाहेजति सुधार हुन सकेको छैन । त्यसैले शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने

एक मात्र उपाय शिक्षक तालिम हो । नविनतम् ज्ञान र सीपको शिक्षकहरुलाई तालिम मार्फत स्थानान्तरण गर्नु जरुरी छ । त्यसपछि शिक्षकहरुले सो ज्ञान र सीप कक्षाकोठामा प्रयोग गरेर विद्यार्थी माझ पुऱ्याउनु आवश्यक हुन्छ । तालिमबाट लिइएको ज्ञान र सीप कक्षा कोठामा कुन हदसम्म प्रयोग भएको छ सो अध्ययन गर्न आवश्यक छ ।

तालिम भन्नाले निश्चित काम गर्नका लागि कर्मचारीहरुमा ज्ञान, सीप बृद्धि गर्न गरिने कार्या बुझिन्छ । यहाँ शिक्षण कार्य प्रभावकारी बनाई विद्यार्थीहरुमा सिकाई उपलब्धि स्तर बृद्धि गर्नका लागि शिक्षकहरुको ज्ञान र सीप बृद्धि गर्नु शिक्षक तालिम हो भन्न सकिन्छ । नेपालमा शिक्षक तालिमको औपचारिक शुरुवात वि.स.२००४ बाट भएको मानिन्छ । यसको शुरुवात आधार शिक्षा प्रशिक्षण केन्द्रबाट भएको थियो । वि.स.२००४ मा स्थापित आधार शिक्षा प्रशिक्षण केन्द्र वि.स. २००७ सालको राजनीतिक परिवर्तनसंगै निस्क्रिय भएको पाइन्छ । पुनः वि. स. २०१३ सालमा आएर आधार शिक्षा प्रशिक्षण केन्द्रहरु नेपाल शिक्षक शिक्षण केन्द्रका रुपमा परिणत गरेको पाइन्छ । नेपाल शिक्षक शिक्षण केन्द्रमा प्रवेशिका उत्तीर्ण अनुभवी प्रशिक्षक शिक्षकलाई ३ महिने सघन तालिम दिने व्यवस्था र कक्षा १० सम्म अध्ययन गरेकालाई शिक्षक तालिम दिएर विद्यालय खोली शिक्षक बनाइने गरिन्थ्यो । यसैगरीसालको नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदनको सिफारिस अनुसार वि. स. २०१४ मा कलेज अफ एजुकेशनको स्थापना पछि पूर्व सेवाकालिन तालिम संचालन गरियो ( NCED,2065) ।

यसमा स्नातक उत्तीर्णलाई एकबर्षे, प्रविणता प्रमाणपत्र तहलाई दुई बर्षे, र एस एल सी उत्तीर्णका लागि चारबर्षे कार्यक्रम संचालन गरियो । यसद्धारा शिक्षक प्रशिक्षणको लागि घुम्ति तालिम पनि संचालन गरेको पाइन्छ । उक्त कलेज अफ एजुकेशनकाबाट नर्मल स्कूल तालिम, शिक्षक शिक्षा तालिम, व्यावसायिक प्रशिक्षण, दुर्गम क्षेत्र शिक्षक तालिम, महिला शिक्षक तालिम जस्ता शिक्षक शिक्षण तथा प्रशिक्षण कार्यक्रमहरु संचालन गरिएको पाईन्छ (अधिकारी र पौडेल २०६३) ।

वि.स. २०२८ सालमा शिक्षा ऐनको प्रकाशितबाट शिक्षक तालिमलाई अझ बढावा गरेको पाईन्छ । उक्त ऐनलाई नेपालको शिक्षा विकासमा आधारशीलाको रुपमा लिईन्छ । यस ऐन अन्तर्गत २०२८ सालमा नै राष्ट्रिय शिक्षा पद्धतिको योजना सुरु भए पछि शिक्षक हुनको लागि तालिम अनिवार्य भएको थियो । प्राथमिक शिक्षकलाई एस एल सी, निम्न माध्यमिक शिक्षक हुन प्रमाण पत्र तह र माध्यमिक बन्नलाई स्नातक तह न्यूनतम योग्यता निर्धारण गरियो । यसपछि विभिन्न तालिम केन्द्ररुहरुलाई अंग्रेजी भाषा तालिम केन्द्र, राष्ट्रिय व्यावसायिक  तालिम केन्द्र, प्राथमिक स्कूल शिक्षक तालिम केन्द्रलाइ शिक्षा शास्त्र अध्ययन संस्थानमा गाभियो । शिक्षा शास्त्र अध्ययन संस्थानबाट दुई बर्षे आइ एड, दुई बर्षे वी एड, दुई बर्षे एम एड र एक बर्षे वी एड, तहलाई पूर्वसेवाकालिन शिक्षक तालिम केन्द्रको रुपमा संचालन गरिएको थियो । यसै गरी वि.स. २०२८ देखि २०४६ सालसम्म सेवाकालिन तालिमका A Level,B Level , स्थानीय तालिम, दूर शिक्षा तालिमका कार्यक्रमहरु संचालन गरिएको थियो (शिक्षा ऐन २०२८) ।

वि.स. २०४६ सालको राजनीतिक परिवर्तनसंगै वि.स. २०४९ सालमा प्रकाशित राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले पनि शिक्षक तालिमलाई प्राथमिकता दिइएको पाइन्छ । उक्त सालबाट नै शुरु गरिएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले १५० घण्टे तालिम प्राप्त शिक्षकलाई पुन थप १८० घण्टे तालिमको व्यवस्था गरिएको थियो । यसपछि वि.सं. २०५० सालमा स्थापित शिक्षा तथा खेलकुद मन्त्रालय अर्न्तगत शैक्षिक जनशक्ति विकास केन्द्र स्थापना भएको थियो जसले शिक्षक र व्यवस्थापकहरुको क्षमता अभिवृद्धि एवं शिक्षा क्षेत्रका अनुसन्धनात्मक तथा प्रयोगात्मक कार्यहरु केन्द्रीत भए (NCED,2065)।

वि.सं.२०४९ देखि हालसम्म नेपाल सरकार र एसियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित शिक्षक शिक्षा आयोजना कार्यान्वयमा आएपछि प्राथमिक शिक्षकको लागि सेवाकालिन र पूर्वसेवाकालिन तालिममा पाठ्यक्रम निर्माण गरिएको छ । यस पाठयक्रम अनुसार सेवाकालिन तालिमलाई तीन चरणमा विभाजन गरिएको

छ । पहिलो आधारभूत चरण २.५ महिना, दोस्रो चरण ५ महिना र तेस्रो चरण २.५ महिना गरि १० महिने तालिम रहेको छ । जसलाई पहिला र तेस्रो चरण शैक्षिक जनशक्ति विकास केन्द्र अर्न्तगतका नौवटा शैक्षिक तालिम केन्द्रहरुद्वारा संचालित गरिएको छ । (CERID, 2063) । यसै गरी शैक्षिक जनशक्ति विकास केन्द्रले दश महिने सेवाकालिन र तालिम (प्रा.वि., नि.मा.वि. र मा.वि.) लाई र दश महिने सेवकालिन तालिम प्राथमिक तहका शिक्षकहरुलाई दिने व्यवस्था रहेको छ । यसै केन्द्रले नै तालिमका पाठ्यक्रमहरुको निर्माण तालिम  निर्देशिकाहरु तथा तालिम स्रोतसामाग्रीहरुको विकास एवं परिमार्जन गर्दछ ।

नेपालको वर्तमान शिक्षा ऐनमा भएको पछिल्लो संसोधनले प्राथमिक तथा नि.मा. तह अर्थात कक्षा ८ सम्मलाई आधारभूत तह बनाएको छ । यसैगरी कक्षा ९ र १२ लाई माध्यमिक तह गरी विद्यालय शिक्षालाई दुई तहमा विभाजन गरिएको छ । शिक्षा नियमावाली, २०५९ को परिच्छेद १३ को दफा ७१ मा तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था गरेको छ । जसमा शिक्षक तथा मन्त्रालय अन्तर्गतका कर्मचारीको दक्षता अभिवृद्धि गर्नका लागि देहाय बमोजिमका तालिमहरु व्यवस्था गरेको छ ।

तालिम प्रदान गर्ने, प्रशिक्षण दिने, शैक्षिक जनशक्ति विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

उक्त नियमावलीको दफा ७४ मा शैक्षिक जनशक्ति विकास केन्द्रको व्यवस्था गरिएको छ  जसले शिक्षकको क्षमता अभिवृद्धि गर्ने उद्देश्य राखेको छ । हाल नेपालको विद्यालय तहमा मुख्यत आधारभूत तह (कक्षा १ देखि ८) मा विभिन्न तालिमको व्यवस्था गरिएको छ । यस अनुसन्धान कार्यमा पनि आधारभूत तहमा शिक्षक तालिम र प्रयोग सम्बन्धमा खोज गरिएको छ ।

औपचारिक शिक्षा पद्धतिको शुरुवातै नेपालमा तहगतरुपमा शिक्षा प्रदान गर्ने परम्पराको शुरुवात भएको पाइन्छ । विद्यालय तहको शिक्षालाई योजनावद्ध र व्यवस्थित तरिकाले संचालन गर्ने परम्परा नेपालमा राणाशासनको अन्त्य र प्रजातन्त्रको प्रादुर्भाव भएपछि मात्र शुरु भएको पाइन्छ । राष्ट्रिय शिक्षा योजना

आयोगको प्रतिवेदन २०११ ले प्राथमिक शिक्षा पाँच वर्षको हुनेछ भन्ने उल्लेख गरेको पाइन्छ र ६ देखि ८ सम्मको तहलाई निम्न माध्यमिक तह भनी उल्लेख गरिएको पाइन्छ । शिक्षा ऐन २०२८ (संसोधित) मा आधारभूत शिक्षा भन्नाले कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षाको रुपमा लिइएको छ । यस अन्तर्गत शिक्षाको विद्यालय स्तरको तहलाई १-८ कक्षा आधारभूत तह र ९-१२ कक्षा माध्यमिक तहको उल्लेख गरिएको छ । नेपालमा आधारभूत तह कक्षा १ देखि ८ संरचना बनाइएको शिक्षा ऐनको पछिल्लो शंसोधनले गरेको छ । आधारभूत तहमा शिक्षण गर्ने शिक्षकहरुको सीप, ज्ञान तथा क्षमता अभिबृद्धि गर्न तालिम प्रदान गर्नु अनिवार्य बनेको छ । यस अनुसन्धानमा उक्त तहमा अध्यापन गराउने शिक्षकको तालिमबाट प्राप्त गरेका ज्ञान र सीपको कक्षा शिक्षणमा प्रयोगको अवस्थालाई मुख्य विषय बनाइएको छ

## ।१.२ समस्याको कथन

नेपालमा आधारभूत तहमा शिक्षकलाई तालिम सरकारी एवं गैरसरकारी संस्थाहरुबाट संचालन भइरहेको छ । आधारभूत तह भनेको बाल-बालिकाको शैक्षिक विकासमा प्रभाव पार्ने महत्वपूर्ण तह हो । यस तहमा विद्यार्थीहरुको सबै कुरामा आधारभूत ज्ञान वृद्धि हुनाले उनीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु आवश्यक हुन्छ । किनकी उनीहरु नै राष्ट्रका भविष्य हुन्छन् । त्यसैले यस तहमा अध्यापन गराउने शिक्षक-शिक्षिकालाई तालिम प्रदान गर्नु अनिवार्य हुन्छ र नेपालमा सो तहका शिक्षकलाई विभिन्न तालिमहरु दिने प्रावधान गरिएको छ ।  यस्ता तालिमहरु शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्न, प्रभावकारी शिक्षण गर्न, बालमनोविज्ञान र सिकाइ सिद्धान्त  अनुरुप शिक्षण गर्न, शिक्षण विधिहरुको प्रयोग गर्न, कक्षा कोठा व्यवस्थापन गर्न जस्ता ज्ञानमूलक र सीपमूलक क्षमताको अभिवृद्धि गर्न तालिम कार्यक्रमहरु सञ्चालन गर्ने गरेको पाइन्छ । आधारभूत तहको शिक्षाको गुणस्तर अभिवृद्धि गर्नको लागि उक्त तहमा अध्यापनरत शिक्षकहरुलाई यस प्रकारको तालिमहरु प्रदान गर्ने गरेको पाइन्छ । यस्ता तालिम प्राप्त शिक्षकहरुको शिक्षण कलामा प्रभावकारिता पहिचान गर्नका लागि  प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । यस अध्ययनसँग सम्बन्धित निम्न लिखित प्रश्नहरुको खोजि गरिएको छ ।

नेपालमा ठुलो धनराशि शिक्षक तालिममा खर्च हुने गरेको तर शिक्षकहरुले तालिम लिएर फर्किए पछि व्यवहारकमा कम मात्रामा लागु गर्ने गरेकोले के कति हदसम्म तालिमको कक्षा शिक्षणमा प्रयोग भएको छ भनि यो विषयको अध्ययन गरिएको छ । यसरी राज्यको लगानी ठूलो भएको तर उपलब्धि कम भएकोले पनि हाल आएर शिक्षक तालिम लिनु भन्दा पनि यसको कक्षा शिक्षणमा प्रयोग कम हुनु नै एक समस्याको विषय बन्न पुगेको छ । सरकारले लगानी गरेर शिक्षलाई तालिम दिएको हुन्छ र त्यो तालिमको लक्ष्य अनुरुप कक्षा शिक्षणमा प्रयोग कम भएको पाइएकोले यो विषयलाई समस्याको रुपमा लिइएको छ । यो अध्ययन आधारभूत तहका शिक्षकहरुलाई तालिमा के कस्ता ज्ञान र सीप प्रदान गरिएको छ सो अनुसार कक्षा शिक्षणमा प्रयोग भएको छ छैन, तालिम प्राप्त शिक्षकहरुको शिक्षण प्रभावकारिता कस्तो छ, र उनीहरुले गरेको शिक्षणबाट सन्तोसजनक उपलब्धि प्राप्त भएको छ छैन जस्ता विषयलाई जोड दिएर गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि अनुसन्धान कार्य गर्नुको पछाडि उक्त अनुसन्धानको महत्व रहेको हुन्छ । यस अनुसन्धानको पनि महत्व उच्च रहेको छ । सामुदायिक तथा सरकारी विद्यालयहरुमा विभिन्न किसिमका तालिम लिएका शिक्षकहरु कार्यरत रहेका छन् । उक्त तालिम प्राप्त शिक्षकहरुको शिक्षण कौशलता अन्य अप्राप्तको तुलनामा राम्रो रहेको हुने जो कोहीले पनि अनुमान गर्न सक्छ । यो विभिन्न यस्तै प्रकारको अध्ययनले पनि स्पष्ट पारेको छ । शिक्षकले आधारभूत तह (प्राथमिक र निम्न माध्यमिक) मा लिएको तालिमले गर्दा विद्यार्थीहरुको उपलब्धीमा के कस्तो फरक पार्न सक्छ भन्ने कुरा यस अध्ययन पछि स्पष्ट हुने आशा गरिएको छ । यस अध्ययनको मुख्यतः निम्नानुसार औचित्य रहेको छ ।

यस अधययनबाट शिक्षकहरुले तालिमबाट प्राप्त सीपहरुको विद्यालयमा आएर प्रयोगको अवस्था पत्ता लगाई त्यसमा आवश्यक सुधार गरी शैक्षिक गुणस्तर वृद्धि गर्ने अवसर विद्यालयहरुले पाउछन् । त्यसै गरी यस अधययनबाट विद्यार्थीहरुमा पनि

तालिमको सीप प्रयोग गरी अध्यापन गराउँदा शैक्षिक गुणस्तरमा वृद्धि हुने र सो को प्रतिफल प्रति अभिभावक वर्ग पनि ढुक्क हुने अवस्था मिल्छ । तालिमवाट सिकेका सीपलाई व्यवस्थित रुपले प्रयोग गर्न गराउन समेत सम्बन्धित निकायहरुलाई सहयोग मिल्छ । आधारभूत तहमा शिक्षक तालिम र यसको प्रभावकारिता वारे सूचना प्राप्त गर्न चाहने संघ संस्था र व्यक्तिलाई सूचना प्रदान गर्दछ । यस अधययनले तालिमको व्यावहारिक प्रयोगको अवस्थालाई सरोकारवाला समक्ष पुऱ्याउँछ । साथै नीति निर्माण तहलाई तालिमको आवश्यकता र प्रयोगलाई भावी दिनहरुमा समेत शैक्षिक गुणस्तर अभिवृद्धि गर्न के कस्ता सुधार गरेर अघि बढ्नु पर्ने हो, ताालिम सम्बन्धी के कस्ता नीति अवलम्बन गनु पर्ने हो त्यस तर्फ पनि आवश्यक सूचनाहरु प्रदान गर्दछ । त्यसै गरी आगामि दिनहरुमा यस  अधययनले प्रभावकारी शिक्षण गरी शैक्षिक उपलब्धि स्तर उच्च राख्न महत्वपूर्ण औचित्य राख्दछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य आधारभूत तहको तालिमबाट प्राप्त ज्ञान र सीपको कक्षा शिक्षणमा प्रयोगको अवस्था पहिचान गर्नु रहेको छ । साथै यस अध्ययन विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्ः-

१) आधारभूत तहको तालिमबाट प्राप्त ज्ञान र सीपको कक्षा शिक्षणमा प्रयोगको अवस्था पहिचान गर्नु ।

२) आधारभूत तहका शिक्षकले कक्षा कोठामा प्रयोग गरेका क्रियाकलापहरु पहिचान गर्नु ।

३) तालिममा प्रदान गरिएका ज्ञान र सीप अनुरुप शिक्षण सिकाइ क्रियाकलाप भए नभएको तुलना गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनलाई अर्थपूर्ण एवम् उद्देश्यपूर्ण बनाई अघि बढाउनका लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु समावेश गरिएकाछन् ।

(१) तालिम प्राप्त शिक्षकमध्ये कति शिक्षकले तालिममा सिकेका ज्ञान र शीपहरुको कक्षा कोठामा प्रयोग गरेका छन् ?

(२) आधारभूत तहमा तालिम लिएका शिक्षकहरुले कक्षामा कस्तो शिक्षण क्रियाकलाप संचालन गर्छन् ?

(३) आधारभूत तहका शिक्षकहरुलाई तालिमबाट प्राप्त ज्ञान र सीप कक्षा कोठामा प्रयोग गर्न के कठिनाइहरु छन् ?

(४) तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकहरुको शिक्षणमा के भिन्नता छ ?

## १.६ अध्ययनको परिसीमा

अनुसन्धानको एक महत्वपूर्ण तत्वको रुपमा लिइने अध्ययनको सीमाले कुनै पनि अनुसन्धान कार्यलाई वस्तुगत विशिष्ट र छरितो बनाउँदछ । सीमित र निश्चित प्रयोजनका लागि प्रस्तुत यो शोधपत्र आधारभूत तहमा शिक्षण गर्ने शिक्षकहरुले तालिम लिएर सो तालिमवाट प्राप्त सीप कक्षा शिक्षाणमा कति हदसम्म प्रयोग गरेका छन् भनी अध्ययन गरिएको छ । तालिमवाट प्राप्त सीपहरु कक्षाकोठा व्यवस्थापन सीप, शैक्षणिक प्रक्रिया, विषयवस्तुको प्रस्तुति, शिक्षकको तयारी, शैक्षिक सामग्रीको छनौट र प्रयोग, शिक्षण विधिको प्रयोग, विद्यार्थी मूल्याङ्कन, पाठको साराँश र प्रस्तुति जस्ता सीपहरुको प्रयोगमा सीमित रहेको छ । यसै गरी यो अध्ययन सरकारी विद्यालयमा सीमित छ । त्यसै गरी इलाम जिल्लाको ग्रामिण भेगमा अवस्थित श्री डम्बरदेवी उ. मा. वि., श्री साङ्गरुम्बा उ.मा.वि., र श्री अमर उ.मा.वि वरबोटेको  आधारभूत तह (कक्षा १-८)मा अध्यापन गर्ने तालिम प्राप्त शिक्षक शिक्षिकाहरुमा सीमित रहेको छ भने छलफलका लागि ति विद्यालयहरुमा अध्ययनरत कक्षा ५ र ८ का पाँच /पाँच जना विद्यार्थीहरुमा सीमित रहेको छ  । यस अध्ययनमा विद्यालयका अभिलेख, राष्ट्रिय शिक्षाका तालिम नीति तथा कार्यक्रम र सम्बन्धित दस्तावेजहरुवाट समेत आवस्यक तथ्याक संकलन गरिएको छ ।

# परिच्छेद दुईः सम्बन्धितसाहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यस अध्ययनमा शिक्षक तालिमको कक्षा शिक्षणमा प्रयोग सम्बन्धी सम्बन्धित विभिन्न विचारहरुको सैद्धान्तिक अध्ययन गरिएको छ । विभिन्न शिक्षाविद तथा संघ संस्थाहरुले शिक्षक तालिम र यसको प्रंयोग सम्बन्धी गरेका अध्ययन र यसवाट प्राप्त निचोडहरुलाई पुनरावलोकन गरिाएको छ । यस परिच्छेदमा सर्वप्रथम यो अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन गरिएको छ, दोस्रो क्रममा सैद्धान्तिक खाका र तेस्रो क्रममा शैक्षिक उपादेयतालाई राखिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

पूर्वकार्यको समीक्षा कुनै पनि अनुसन्धानात्मक कार्यको आधार विन्दु हो । यसै विषयसँग सम्बन्धित साहित्यले विषयलाई स्पष्टता प्रदान गर्दछ । यस अनुसन्धान कार्य सम्पन्न गर्न सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन गरिएको छ । शिक्षा मन्त्रालय अन्तर्गतको जनशक्ति विकासका निमित्त शिक्षकको शिक्षा शिक्षण सीप एवं शैक्षणिक वातावरण निधार्रण गरी गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि विभिन्न सीपहरुको प्रवर्द्धन एवं सम्वर्द्धन गर्नका लागि शिक्षा मन्त्रालयले तालिम नीति निर्माण गरेको छ । उक्त तालिम नीतिहरुबाट शिक्षकको पेशागत दक्षता अभिबृद्धि संगसंगै सम्बन्धित महत्वपूर्ण नीतिगत प्रावधानहरु यहाँ प्रस्तुत गरिएको छ । जसले यस अध्ययनको सैद्धान्तिक आधार बलियो एवं स्पष्ट बनाउन मद्दत पुऱ्याउने छ (तालिम नीति २०६३) । अधिकारी (२०५८) सिकाई भनेको विभिन्न तरिकाबाट अनुभव प्राप्त गरी व्यवहारमा परिवर्तन गर्नु र तालिमको व्यवहारबाट खास उमेर समूहमा गर्ने व्यवहारमा कुशलता प्रदान गर्नुका साथै अप्रशिक्षित वा तालिम नलिएको भन्दा बढी र राम्रो व्यवहार प्रदर्शन गर्नु हो । यसरी सिकाई भनेको अनुभव एवं तालिमको माध्यमबाट

आउने व्यवहारको परिमार्जन हो । तालिम लिएपछि मानव व्यवहारमा निश्चित रुपमा व्यवहार परिवर्तन र परिमार्जन हुने भएकाले यसबाट थप सिकाई हुन्छ ।

गौतम (२०६७) तालिममा प्रदान गरिएका ज्ञान र सीपको सबै शिक्षकहरुले कक्षाकोठामा प्रयोग नगरेको पाइयो । तालिमबाट प्राप्त ज्ञान र सीप अनुसार शिक्षण नगरी पुरानै तरिकाबाट शिक्षण गरेको पाइयो । शिक्षण गर्दा शिक्षणको तयारी विषयवस्तुको प्रस्तुती, शैक्षणिक सामाग्रीको प्रयोग शिक्षण सिकाई क्रियाकलाप धेरै शिक्षकहरुको प्रभावकारी नभएको अर्थात न्यून रहेको पाइयो ।

घिमिरे, (२०६२) शिक्षक तालिममा प्रशस्तै सरकारी लगानी गरिएको छ र धेरै शिक्षकहरुले तालिमको अवसर पनि पाएका छन् । संख्यात्मक हिसाबले तालिम प्राप्त शिक्षकहरुको संख्या निकै बढेको पनि छ । तर तालिम प्राप्त शिक्षकको तुलनामा विद्यार्थीको सिकाई उपलब्धी र गुणस्तरीयतामा सुधार आएको देखिन्दैन । यस तथ्यले शिक्षकहरुले तालिममा सिकेको सीपहरु कक्षा कोठामा स्थानान्तरण गर्न नसकेको सजिलै देख्न सकिन्छ ।

शर्मा एण्ड शर्मा (२०५३), ले उल्लेख गरे अनुसार World Confideration of Organization of teaching Profession मा शिक्षण पेशालाई अन्य पेशा सरह मान्न पेशाा प्रवेशको न्यूनतम योग्यता, सदस्यहरुको अनुशासन, बाह्य हस्तक्षेप, नियन्त्रण र स्वतन्त्रता एवं सदस्यहरुको आर्थिक र सामाजिक मान्यता बढाउँने प्रयास बौद्धिक क्षमता र विशिष्ट तालिम र कार्यप्रतिको लगावमा जोड दिनुपर्ने कुरा उल्लेख गरिएको छ ।

सिंह (२०६४) शिक्षा प्रणालीमा आएको अन्वेषण र तालिमले शिक्षण सिकाईका क्षेत्रमा शिक्षक तालिम पाठ्यक्रम निर्माण प्रक्रिया परीक्षा र मूल्याङ्कन प्रविधि आदिमा नवप्रवर्तनको प्रादुभाव भएको छ । खास गरी शिक्षणमा शिक्षण विधि र तरिका, शिक्षकको शिक्षण गर्ने कौशलमा परिवर्तन गराई प्रभावकारी ढंगले शिक्षण गर्न सक्षम बनाउँन प्रतिपादन गरिएका नयाँ विचार सोचाईलाई शिक्षणमा आउका नवप्रवर्तन वा अन्वेषण र तालिम भनिन्छ ।

CERID (2003), द्वारा कक्षाकोठामा तालिम सीपहरुको स्थानान्तरण सम्बन्धमा गरिएको अध्ययनमा विभिन्न कक्षा शिक्षणका सन्दर्भमा प्रदान गरिएका तालिमहरु प्रभावकारी रुपमा स्थानान्तरण भएका छन् कि छैनन् भनेर यो अध्ययन संचालन गरिएको थियो । विशेष गरी वार्षिक योजना र दैनिक समय तालिका, कक्षा संगठन, शैक्षणिक सामग्रीहरु, उपयुक्त कक्षाकोठाको वातावरण, कालापाटीको प्रयोग सम्बन्धमा अध्ययन गरिएको थियो । यस अध्ययनमा कास्की जिल्लाका विद्यालयमा मात्र दैनिक पाठयोजना निर्माणका लागि 'डायरी' प्रदान गरेको पाइयो भने पाठ्यपुस्तक अनुसार समय निधारर्ण गर्ने गरेको कुरा उल्लेख गरिएको छ । कक्षा कोठा व्यवस्थापनका सन्दर्भमा U आकृति V आकृति, अर्ध बृत्ताकार, खाली ठाउँको व्यवस्थापनका सन्दर्भमा तालिम प्रदान गरिएकोमा कक्षाकोठामा अधिक विद्यार्थी चापका कारण र साँगुरो कक्षाकोठा भएको कारणले छुट्टा-छुट्टै लहरदेखि बाहेक अन्य व्यवस्थापन नगरेको कुरा उल्लेख गरिएको छ । शैक्षिक सामग्रीहरुमा २० प्रतिशत विद्यालयले मात्र Flash Card प्रयोग गरेको र अन्य शैक्षिक सामग्रीहरु प्रयोग नगरेको कुरा उल्लेख गरिएको छ । कक्षाकोठा व्यवस्थापन गर्दा ५० प्रतिशत विद्यालयमा मात्र उपस्थिति बोर्ड झुण्डाइएको र थोरै विद्यालयका कक्षा कोठामा कार्ड चित्रहरु समावेश गरिएको कुरा उल्लेख गरिएको छ । कालोपाटीको प्रयोग गर्ने तरिकाका सन्दर्भमा तालिमबाट प्राप्त सीपलाई उपयुक्त तरिकाले प्रयोग नगरेको कुरा उल्लेख गरिएको छ । कालोपाटी केवल विषय र पाठशिर्षक लेख्न मात्र धेरैले प्रयोग गर्ने गरेको र यस्ता कुराहरु लेख्न आवश्यक छैन भन्ने सीप सिकाए पनि सो अवलम्बन नगरेको उल्लेख गरिएको छ ।

CERID (२०६५), द्वारा तालिमप्राप्त र अप्राप्त शिक्षकहरुको तुलनात्मक अध्ययनमा तालिम पाएका र नपाएका शिक्षकहरुको शैक्षिक योग्यता तालिमबाट पाएको अनुभव कक्षामा उनीहरुको व्यवहार, प्रवृत्ति र उनीहरुको शैक्षिक क्रियाकलापको विभिन्न १२ वटा जिल्लामा आधारित भई सञ्चालन गरिएको थियो । जसको निष्कर्ष विद्यालयको कक्षाकोठामा शिक्षण गर्ने क्रममा तालिम नलिएको भन्दा तालिम पाएका शिक्षकको शिक्षण बढी सकारात्मक देखिएको छ ।

NCED (२०६५), तालिमको प्रभावकारिताका क्षेत्रीय कार्यशालाहरुको प्रतिवेदनमा शिक्षक तालिम सञ्चालन र तालिममा सिकेका कुराहरुको कक्षाकोठामा प्रयोगको वर्तमान अवस्था सन्दर्भमा तालिममा सिकेका कुराहरु अपेक्षित मात्रामा प्रयोग नभएको भन्ने सरोकारवालाको गुनासो रहेको, तालिम सम्बन्धी नीतिमा छिटो छिटो परिवर्तन हुने गरेको, तालिम पूरा गर्ने शिक्षकको संख्या बढेको, केही दुर्गम जिल्लामा प्रशिक्षक प्रशिक्षण नलिएका व्यक्तिद्वारा पनि तालिम सञ्चालन हुने अवस्था रहेको कुरा उल्लेख गरिएको छ ।

NCED (२०६३), नेपालमा प्राथमिक शिक्षक तालिम अध्ययनको 'प्रभावकारिता' विषयमा गरिएको अध्ययनमा शिक्षणका लागि पाठको तयारी, विषयवस्तुको प्रस्तुती, शिक्षण विधिको प्रयोग, शैक्षणिक सामग्रीको छनौट र प्रयोग, कक्षाकोठामा शैक्षणिक अभ्यासहरु विद्यार्थी मूल्याङ्कनको लेखाजोखा, शिक्षकहरुको कक्षाकोठा नियन्त्रण, समय व्यवस्थापन, पाठको निष्कर्ष, विषयमा गरिएको थियो । यी विषयहरुमा गरिएको अध्ययनले प्रभावकारिताको निष्कर्ष बारे निम्नानुसार उल्लेख गरेको पाइन्छ ।

पाठ योजनाको तयारी करिव ३० प्रतिशत शिक्षकले मात्र गरेको र पाठको लागि शैक्षणिक सामग्रीको तयारी ११ प्रतिशत तालिम प्राप्त शिक्षकले मात्र गर्ने गरेको उल्लेख गरिएको छ भने ७ प्रतिशत तालिम प्राप्त शिक्षक शिक्षिकाले मात्र कक्षामा उपलब्ध शैक्षिक सुविधाहरुको आधारमा कक्षाकोठा व्यवस्थापन गर्ने गरेको उल्लेख गरिएको छ । पाठको तयारी सम्बन्धी सीप राम्रो नरहेको र यी पक्षहरुमा कक्षाकोठाको अभ्यास महत्वपूर्ण नरहेको उल्लेख गरिएको छ । विद्यार्थीको तह, सिकाइ क्षमता र रुचिको आधारमा २४ प्रतिशत तालिम प्राप्त शिक्षकले मात्र सही विषयवस्तुको छनौट, संगठन र प्रस्तुती गर्ने गरेको उल्लेख गरिएको छ । विषयवस्तुमा स्पष्ट अवधारणा निर्माण गर्ने उपयुक्त उदाहरणहरु प्रदान गर्ने तालिम प्राप्त शिक्षक २९ प्रतिशत मात्र कक्षा कोठा अभ्यासमा कायम रहेको र शैक्षणिक सामग्रीहरुको क्रमबद्ध रुपमा प्रस्तुत गरी विद्यार्थीहरुमा स्पष्ट अवधारणाको विकास गर्ने १२ प्रतिशत शिक्षक मात्र उल्लेख गरिएको छ । १७ प्रतिशत शिक्षकले मात्र पाठ र यसका उद्देश्यहरुको पुनरावलोकन

राम्रोसँग गर्ने गरेको र ३३ प्रतिशत शिक्षकले सन्तोषजनक रुपमा कार्य गरेको उल्लेख गरिएको छ । ९५ प्रतिशत शिक्षकले पाठको अन्त्यमा गृहकार्य प्रदान गर्ने गरेको कुरा उल्लेख गरिएको छ ।

कक्षामा ३५ प्रतिशत शिक्षकले मात्र विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्ने गरेको उल्लेख गरिएको छ । शैक्षणिक व्यवस्थापन ४८ प्रतिशत शिक्षकहरुले मात्र साधारण भाषा स्पष्ट र बुझ्न सकिने खालका भाषा शैलीको प्रयोग गर्ने गरेको उल्लेख गरिएको छ । नौ प्रतिशत तालिम प्राप्त शिक्षहरुले कक्षाकोठामा विद्यार्थीहरुको दक्षता सफलतापूर्वक मूल्याङ्कन गर्ने गरेको उल्लेख गरिएको छ । ४८ प्रतिशत तालिम प्राप्त शिक्षकले मात्र विद्यार्थीहरुलाई उनीहरुको राम्रो उपलब्धीका लागि हौसला प्रदान गर्ने गरेको उल्लेख गरिएको छ । १२ प्रतिशत शिक्षकले मात्र जीवन्त रुपमा कक्षालाई राम्रो बनाउन सकेको र ४४ प्रतिशत शिक्षकले सन्तोषजनक रुपमा कक्षा नियन्त्रण गरेको कुरा उल्लेख गरिएको छ । यसै गरी ५४ प्रतिशत तालिम प्राप्त शिक्षक मात्र पाठका निर्धारित उद्देश्यहरु र समय सीमाप्रति सचेत रहेको कुरा उल्लेख गरिएको छ ।

विश्वकर्मा (२०६७) अनुसार शिक्षक तालिमको प्रभाव सम्बन्धी मुख्यतः चार वटा निचोड प्रस्तुत गरिएको छ । ती निम्नाअनुसार रहेका छन् । स्कूलका सरोकारवालाले शिक्षकको पेशागत सीप बढाउन तालिमको आवश्यकता रहेको स्वीकार गरेका छन् । तालिमको पाठ्यक्रममा शिक्षकहरुबाट जे-जति क्रियाकलापको अपेक्षा गरिएको छ, तालिममा सहभागी शिक्षकहरुले ती क्रियाकलाप गर्न जाँगर देखाएका छैनन् । अध्ययनको तेस्रो निचोड छ, तालिममा पर्याप्त फलोअप र शिक्षकको कामको अनुगमन नभएका कारण शिक्षकहरुले आफूले तालिममा सिकेका कुरा व्यवहारमा लागू गर्न सकेका छैनन् । तालिमले आशा गरे भन्दा अत्यन्तै न्यून मात्रामा शिक्षकको पढाउने शैलीमा सुधार भएको तथा बालबालिकाको स्कूलमा पहुँच स्थापित गर्न र शिक्षकको दक्षता बढाउन योगदान रहेको चौथो निचोडको रुपमा उल्लेख भएको छ ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६०) द्वारा प्रकाशित प्राथमिक शिक्षक तालिममा प्राथमिक शिक्षक प्रमाणीकरण तालिमको तेस्रो चरणमा व्यवस्था गरिएका विभिन्न विषय तथा क्षेत्रहरु मध्ये प्राथमिक विद्यालय विषयहरुको शिक्षण पनि एउटा हो । ११ हप्ते तालिमको पहिलो हप्तामा तालिम केन्द्रमा सैद्धान्तिक कक्षा सञ्चालन गरिन्छ । विद्यालयमा शिक्षण गर्नुपर्ने विभिन्न विषयहरु तयारी कसरी गर्ने जस्तैः समूह विभाजन र समूह कार्य, पाठयोजनाहरुको निर्माण, शैक्षिक सामाग्रीहरुको सङ्कलन तथा निर्माण, विषयगत रुपमा कक्षाकोठा व्यवस्थापन, बहुकक्षा शिक्षण,  क्षेत्र भ्रमण, वार्षिक कार्यतालिकाको निर्माण आदि बारेमा कार्यहरुको योजना र सहयोगी विद्यालयमा गरिने कार्यहरुको बारेमा सैद्धान्तिक तवरबाट तयार हुनको लागि तालिम व्यवस्था गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अनुन्धान कार्यलाई तथ्यपरक र सैद्धान्ति समर्थन गर्न मुख्य गरी प्याभलवको व्यवहारवाद सिद्धान्त र भिगोन्स्कीको निर्माणवादमा आधारित रहेको छ ।

विसौ सताब्दी भन्दा अघि सिकाईमा तर्क र परिकल्पनाको मुख्य भुमिका रहने कुरामा जोड दिइन्थ्यो । तर जब सिकाईमा आधुनिक व्यवहारवादी सिद्धान्तहरुको प्रचुरता बढ्दै गयो त्यसपछि सिकाई अभ्यास वा तालिमसँग जोडेर हेरेको पाइन्छ । मानव सिकाईमा तालिमले सकारात्मक प्रभाव पार्दछ भन्ने अवधारणा प्याभलवले आफ्नो प्रमुख सिद्धान्त शास्त्रीय प्रत्याबर्द्धन सिद्धान्त सन् १९०४ मा उल्लेख गरेका छन् । उनले सिकाईलाई पर्नुवल, प्रेरणा, आशा र बाधक उत्तेजनाहरुको अनुपस्थिति जस्ता तत्वहरुले प्रभाव पार्ने कुरा उल्लेख गरेका छन् । प्याभलवले जनवारमाथि गरिएको प्रयोगबाट यो सिद्धान्तको प्रतिपादन भए पनि यसका कतिपय सिद्धान्तहरु मानव सिकाइका प्रयोगसँग सम्बन्धित छन् । मानव सिकाइको व्यवहार परिवर्तनसँग यो सिद्धान्त मिल्दो छ । यस सिद्धान्तमा तालिम लिनु वा दिनु सिकाईको अनिवार्य शर्तका रुपमा चर्चा गरिएको छ । यस सिद्धान्तको शुरुदेखि नै प्राणीहरुलाई तालिम दिन प्रयोग गरेको पाइन्छ । घरमा पालिने जीवजन्तु कुकुर, विरालो, चरा लगायत विभिन्न सिनेमा,

नाटक आदिमा प्रयोग गरिने जीवजन्तुलाई आवश्यक तथा अपेक्षित कार्य गराउन पनि यो सिद्धान्तको प्रयोग गरिन्छ । तालिम जीवजन्तुलाई मात्र नभई मानवका अन्य अपेक्षित परिवर्तन गर्न यो सिद्धान्त प्रयोग गरिएको हुनाले पनि यस अनुसन्धान कार्यसँग सम्बन्धित रहेको छ । प्याभलवको व्यवहारवादी सिद्धान्त अनुसार मानिसको सकारात्मक व्यवहार सिकाईले नै प्राप्त हुने र सो सकारात्मक व्यवहार शिक्षक तालिमले गर्दा नै सम्भव हुने भएकोले मानिसको व्यवहार परिर्वतन गर्न राम्रो सिकाई र विद्यार्थीमा राम्रो सिकाई गर्न शिक्षकलाई तालिम दिनुपर्ने र सो तालिम अनुरुप शिक्षण गर्नु पर्ने भएकोले यो सिद्धान्त यस अध्ययनसँग मुख्य सम्बन्ध राख्दछ ।

भिगोत्स्कीको निर्माणवाद सन १९८० अनुसार तालिम एक व्यवहारहरुको निर्माण गर्ने राम्रो माध्यम मानिन्छ । निर्माणवाद सिकाई सिद्धान्तको सबैभन्दा राम्रो प्रयोग Reciprocal Teaching हो । यस सिकाइको आधार सामाजिक परिवेश र सहभागितामूलक सिकाई हो । उनको सहभागितामूलक सिकाइमा विद्यार्थी र शिक्षकको संयुक्त प्रयास हुन्छ । शिक्षक वा जान्ने साथीले सिकाइलाई सिकारुको "Zone of Proximal development" का आधारमा सङ्गठित गरी संरचना निर्माण गर्दछ । यस सिकाई सिद्धान्तबाट सिकारुलाई नयाँ अवधारणा निर्माणमा सघाउ पुग्दछ । यस सिद्धान्तमा समस्या समाधानमा संयुक्त प्रयास, शिक्षणले विकासको नेतृत्व गर्दछ, शिक्षण लक्ष्यपूर्ण र सम्बन्धित हुनुपर्दछ, नयाँ ज्ञानको निर्माण, विषयगत वा विधागत प्रयोग,शैक्षणिक प्रविधिमा प्रयोग जस्ता कुरालाई जोड दिइएको छ ।

यसरी भिगोत्स्कीले पनि निर्माणवाद सिद्धान्तको मार्फत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा तालिमलाई जोड दिएको पाइन्छ । सिकाईले नै मानिसलाई समाजमा सफल नागरिकको रुपमा निर्माण गर्दछ । कुनै पनि मानिसलाई समाजमा समायोजन हुन शिक्षा नै चाहिन्छ । शिक्षा भएको मानिस नै समाजको परिवर्तनसँग घुलमिल हुन सक्छ । त्यसैले एउटा सफल व्यक्ति निर्माण गर्ने शिक्षा हो भने त्यो शिक्षा प्राप्त गर्न उचित र सहि शिक्षण हुनु पर्दछ । उचित शिक्षण गर्न शिक्षक तालिम आवश्यक हुन्छ । त्यसैले

समाजमा असल व्यक्ति निर्माण गर्न शिक्षक तालिम र यसको कक्षा शिक्षणमा प्रयोग अपरिहार्य भएकोले यस अध्ययनसँग भिगोत्स्कीको निर्माणवाद मेल खाएको छ

## २.३ शैक्षिक उपादेयता

सरकारी विद्यनलयहरुमा सरकारले धेरै लगानि गरेर शिक्षकहरुलाई तालिम दिने गर्दछ । यसरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न बर्षेनि अरबौ रकम खर्च गरे तापनि सफल रुपमा कार्यान्वयन हुन सकेको छैन । दिनानुदिन सरकारी विद्यालयहरुमा गुणस्तर खस्कदै  गएको पाईन्छ । यसो हुनको पछाडि प्रभावकारी शिक्षणको अभाव नै हो । तालिमवाट  सिकेका सीप कक्षाकोठासम्म प्र्याएमात्र शिक्षण प्रभवकारी भई गुणस्तर उकास्न सकिन्छ त्यसैले यस अध्ययन शिक्षकहरुले तालिमा सिकेका सीप कति सम्म कक्षाकोठामा पुऱ्याउँदा रहेछन् भनी पहिचान गर्ने विषयमा केन्द्रित गरिएको छ ।

नेपालका सरकारी विद्यालयहरुमा शैक्षिक कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी ढंगले सम्पन्न गर्न जिल्ला शिक्षा कार्यालय तथा त्यसको मातहतमा विद्यालय निरीक्षक, स्रोत व्यक्ति, र स्रोतकेन्द्रहरुको व्यवस्था गरिएको छ, विद्यालयमा एक व्यवस्थापन समिति र प्रमुख प्रशासकको रुपमा प्रधानाध्यापक र तहगत एंव विषयगत शिक्षकहरुको व्यवस्था गरिएको छ । यो सम्पूर्ण संरचना र लगानीको उद्देश्य प्रभावकारी रुपले शिक्षण गरी निर्धारित सिकाई उपल्बधी  हासिल गराउनु हो । तर सम्वन्धित निकायवाट सक्रिय रुपमा अनुगमन र सुपरिवेक्षण हुन सकेको छैन् । सरकारले शिक्षक तालिम सम्बन्धमा नीतिगत व्यवस्था गरेको छ । जस अनुसार प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक शिक्षकका लागि तोकिएको शैक्षिक योग्यताका अतिरिक्त पूर्व सेवाकालिन तालिमको रुपमा १० महिने शिक्षक तयारी कोर्ष लिनुपर्ने व्यवस्था अनिवार्य गरिने, विद्यालय प्रणालीमा शिक्षण पेशाका लागि अध्यापन अनुमतिपत्रलाई एक पूर्वसर्त बनाइनेछ, साथै अनुमतिपत्रको नवीकरण गर्ने व्यवस्था पनि गरिने,  विद्यालय प्रणालीमा सेवारत तालिम प्राप्त नगरेका सबै शिक्षहरुलाई यथासक्य छोटो १० महिने तालिम दिइन, विद्यालय शिक्षाका सबै तहमा शिक्षक विकास व्यवस्थालाई सुदृढीकरण गर्ने उद्देश्यले तालिम, अनुमतिपत्र र पेशागत विकास

प्रक्रियालाई एक अर्कामा आवद्ध गरिने, अल्पकालिन तालिम, पूनर्ताजगी तालिमलाई प्रमाणीकरण तालिम कार्यक्रमको एक अंगको रुपमा गणना गरिने, सेवाकालिन र सेवा प्रवेश शिक्षक तालिमका लागि प्रभावकारी तालिम पाठ्यक्रम र सामग्रीको विकास गरी कार्यान्वयन गरिन, सुयोग्य, तालिम प्राप्त र प्रतिवद्ध प्रशिक्षकहरु मार्फत शिक्षक तालिम उपलब्ध गराइने, अनुकुल सिकाई वातावरणको उपलब्धताका लागि तालिम सुविधाहरु सुनिश्चित गरिने तथा यस्ता सुविधाहरु सुधार गरी स्तर बृद्धि गरिन,

सबै तह र संस्थाहरुमा तालिम व्यवस्थापनको दक्षतामा सुधार गर्न उपयुक्त उपाय र प्रयत्नहरु अवलम्बन गरिन,अ नुगमन र तालिम उत्तरार्ध सहयोग योजनालाई तालिमको गुणस्तर सुनिश्चित गर्ने उपायको रुपमा कार्यान्वयन गरिने, तालिममा निरन्तर सुधार गर्नका लागि शैक्षिक जनशक्ति विकासकेन्द्र र यसका विभिन्न तहका संस्थाहरुले अनुसन्धान, मूल्याङ्कन र अनुगमन सम्बन्धी काम गर्ने, तालिम संस्था, विद्यालय र शिक्षकहरुको कार्यसम्पादनको मूल्याङ्कन गर्न कार्य सम्पादन सूचनाहरुको विकास एवं कार्यान्वयन गरिन, तालिमका प्रशिक्षार्थीले हासिल गरेको उपलब्धिको मूल्याङ्कन गर्न निरन्तर मूल्याङ्कन प्रणालीको विकास गरिने जस्ता कुराहरु रहेका छन्

Abruscato (1985) मा उल्लेख भए अनुसार एउटा प्रभावकारी शिक्षकमा योजना सम्बन्धी सीप, कक्षाकोठा व्यवस्थापन सम्बन्धी सीप, शिक्षण सीप, पुनरावलोकन, व्याख्या र प्राप्तिको सम्बन्धित सीपहरु हुनुपर्ने उल्लेख गरिएको छ ।

हाल आएर कक्षा १ देखि ८ सम्मलाई आधारभूत तह मानेर सो अनिवार्य र निशुल्क बनाउने नीति सरकारले लिए अनुरुप आधारभूत तहमा निशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने र छात्रवृद्धि समेत दिने गरेको छ । नेपालमा शिक्षा जगतको जग माथि उठाउँन शैक्षिक उपलब्धि स्तर बृद्धि गर्नुपर्ने र अन्तराष्ट्रिय स्तरको विद्यार्थी उत्पादन गर्नुपर्ने आवश्यकता टड्कारो देखिन्छ । सो आवश्यकता पूरा गर्न शिक्षकहरु नै यसका माध्यम भएकोले शिक्षकहरुलाई संसारमा विकसित नविनतम् अवधारणा दिने र प्रभावकारी शिक्षण गर्नका लागि समय समयमा तालिम दिने गरिन्छ । शिक्षक तालिममा ठूलो धनराशी खर्च भइरहेको छ । उक्त शिक्षक तालिमको सम्बन्धित साहित्यको पुनरावलोकनले शिक्षक तालिम कक्षा कोठामा प्रयोगको स्थिति कस्तो छ

भन्ने कुरा पत्ता लगाउन मद्दत मिलेको छ । साथै माथिको सैद्धान्तिक ढाँचा निर्माणले तथ्याङ्कको व्याख्या विश्लेषणमा सहयोग पुगेको छ ।

यस अध्ययनमा अवलम्वन गरिएको सैद्धान्तिक खाका, शैक्षिक कार्यक्रमको लगानि, प्रक्रिया र उपलव्धिमा विकसित पाठ्यक्रमको ढाँचा र सान्दर्भिक अनुसन्धानको अध्ययनले शिक्षक तालिमको कक्षा शिक्षणमा प्रयोगको बारेमा जे जस्ता विषय र प्रक्रिया निर्देशित गरेका छन् त्यसको आधारमा विद्ययमान शिक्षाक तालिमको प्रयोगको अवस्था पहिचान गर्न आवश्यक देखिएकोले यसका पक्षहरुको बारेमा यस अध्ययनलाई केन्द्रित गरी त्यसको यथार्थता प्रस्तुत गर्नु यस अध्ययनको मुख्य शैक्षिक उपादेयताको पक्ष हो ।

# परिच्छेद तीनः अनुसन्धान विधि

अनुसन्धानमा राखिएका उद्देश्यहरुलाई प्राप्त गर्न अनुसन्धान पद्धतिले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । कुनै पनि अनुसन्धानलाई सम्पन्न गर्न अनुसन्धान पद्धतिले बाटो निर्माण गर्दछ । यसले अनुसन्धानलाई प्रभावकारी रुपमा सम्पन्न गर्न मार्ग निर्देशन प्रदान गर्दछ । यस अध्ययनमा आधारभूत तहका शिक्षकहरुले तालिमा लिएका सीपहरुको प्रयोग के कति हद सम्म प्रयोग गरेर कक्षा शिक्षण गरेका छन् भनी हेरिएको छ । सामुदायिक विद्यालयमा केन्द्रित रहेर जनसंख्या छनौट गर्नुका साथै यो अध्ययनलाई पूर्णता दिन अध्ययनका साधान, तथ्याङ्क सङ्कलनका स्रोतहरु, र तथ्याङ्क सङ्कलन विधिका बारेमा समेत यस परिच्छेदमा निम्नानुसारका उपशिर्षकहरुमा प्रस्तुत गरिएको छ ।

३.१ अनुसन्धानात्मक ढाँचा
३.२ अध्ययनको जनसंख्या र नमुना छनौट
३.३ अध्ययनको साधन
३.४ तथ्याङ्कको स्रोत
३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान ढाँचाले अध्ययनको क्रममा लिइएका जानकारीहरु व्यवस्थित रुपले प्रस्तुत गर्न मद्दत गर्दछ । अध्ययनको क्रममा लिईएको जनसंख्या र नमुना छनौट अनुसार प्राप्त तथ्याङ्कलाई व्यख्यात्मक र विश्लेषणत्मक रुपमा प्रस्तुत गरिएको छ । शोध कार्यको क्रममा तथ्याङ्क संकलन गर्दा गुणात्मक पक्षलाई जोड दिएको छ । शोध कार्यको क्रममा विद्यालयमा पुगी सम्बन्धित तहमा शिक्षणमा प्रयोग हुने सीपहरुको

प्रयोगलाई विभिन्न ढाँचाका फारम तथा प्रश्नावली मार्फत तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्कलाई परिमाणात्मक र गुणात्मक ढाँचामा आधारित भई व्याख्या विश्लेषण गरिएको छ । परिमाणात्मक अनुसन्धान भन्नाले कुनै शिक्षकले तालिममा लिइएको ज्ञान र सीप के कति कक्षा शिक्षणमा प्रयोग गरे भनी परिमाण उल्लेख गर्नु हो । साथै गुणात्मक विश्लेषण भन्नाले सिकारुको उपलब्धि स्तरमा के कति परिवर्तन भयो भन्नु हो (खनाल २०६६) । सामुदायिक विद्यालयका शिक्षकहरुले तालिम लिएर विद्यालयमा गई शिक्षण गर्दा तालिमवाट प्राप्त शिक्षण सीपको प्रयोग के कति मात्रामा भएको छ भनी यो अध्ययनमा हेरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या र नमुना छनौट

यस अध्ययनमा इलाम जिल्लाका तीन वटा सामुदायिक विद्यालयहरुमा कार्यरत तालिम प्राप्त शिक्षकहरुलाई समावेश गरिएको छ । उक्त विद्यालयहरुमा कक्षा १ देखि ८ सम्मका शिक्षकहरु छनौट गरिएको छ । र त्यसमा तालिम प्रांप्त र अप्राप्तको शिक्षण कौशललाई तुलना गरिएको छ । यस अध्ययनको केन्द्रविन्दु नै आधारभूत तहका शिक्षकहरु रहेकोले तीन वटा विद्यालयका छनौट गरिएका तालिम प्राप्त सबै शिक्षकहरुलाई अध्ययनमा जनसंख्या बनाइएको छ ।

## ३.३ अध्ययनको साधन

यस अध्ययनमा सूचनाहरुको संकलन गर्न सहभागितात्मक नमुना छनौट विधिका आधारमा उद्देश्य अनुरुप विद्यालयको छनौट गरिएको छ । निम्न अनुसार अनुसन्धान साधन र विधिहरु प्रयोग गरिएको छ ।

### ३.३.१ अन्तर्वार्ता

आधारभूत तहका शिक्षक तालिमको प्रभावकारीता पहिचान गर्नका लागि आवश्यक सूचनाहरु संकलन गर्न छनौटमा परेका शिक्षकहरुलाई उद्देश्य अनुरुप अन्तर्वार्ता सूचि तयार गरी आवश्यक प्रश्नावलीहरु भराई सूचनाहरु संकलन गरिएको

छ । यसमा आधारभूत तहमा अध्ययापन गर्ने तालिम प्राप्त शिक्षक शिक्षिकाहरुलाई समावेशक गरिएको छ । अन्तरवार्ताका प्रश्नावलीहरु अनुसूची २ मा राखिएको छ ।

### ३.३.२ अवलोकन

अनुसन्धानकर्ताले उद्देश्य अनुरुप छनौटमा परेका शिक्षकहरुको कक्षा शिक्षण एवं व्यवस्थापनसंग सम्बन्धित सूचनाहरु आफू स्वयम् कक्षा कोठामा उपस्थित भई कक्षा अवलोकन फारामको सहायताले सूचनाहरु संकलन गरिएको छ । यसमा गोप्य र खुल्ला गरी दुई तरिका अपनाइएको छ । यसमा अधारभुत तहमा अध्यापन गर्ने शिक्षकहरुले कक्षा शिक्षण गर्दा प्रयोग गरेका सीपहरुको अवलोकन गरिएको छ । यसमा तालिममा लिएको ज्ञान र सीपहरुको प्रयोगको स्थिति हेरिएकोछ । यसलाई अनुसूचि १ मा राखिएको छ ।

### ३.३.३ लक्षित समूह छलफल

अनुसन्धान कार्यलाई उद्देश्यमूखी बनाउन छनौट गरिएका विद्यालयमा आधारभूत तहमा कार्यरत तालिम प्राप्त शिक्षकहरुलाई एकै ठाउँमा राखी तालिमको सैद्धान्तिक र व्यवहारिक अप्ठ्याराहरुबारे छलफल गरिएको छ । यसैमा प्रत्येक विद्यालयका कक्षा ५ र ८ का ५/५ जना विद्यार्थीहरु माझ विषय शिक्षकले शिक्षणमा देखाउने व्यवहारहरुबारे पनि खुल्ला छलफल गरिएको छ । छलफलका शिर्षक र नमुनालाई अनुसूचि ३ मा राखिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

यस अध्ययन अनुसन्धानमा उद्देश्य अनुरुप सूचनाहरु संकलन गर्नका लागि निम्न स्रोत प्रयोग गरिएको छ ।

३.४.१ प्राथमिक स्रोतः सम्बन्धित शिक्षकहरुको प्रश्नावली तथा कक्षा अवलोकन फारम भराइएको छ ।

३.४.२ माध्यमिक स्रोतः शिक्षकहरु र विद्यार्थीहरुसँग छलफल गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययन अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि अध्ययनकर्ता स्वयं अध्ययन क्षेत्रमा उपस्थित भई निर्माण गरिएका साधनहरुको माध्यमबाट उद्देश्यसँग सम्बन्धित सूचनाहरु संकलन गरिएको छ । यसमा अनुसन्धानकर्ता आफैले सम्पूर्ण सरोकारवालालाई प्रत्यक्ष भेटी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अनुसन्धानको क्रममा प्राथमिक र माध्यमिक गरी दुई प्रकारको तथ्याङ्कहरु संकलन गरिएको छ । प्राथमिक तथ्याङ्कमा आधारभूत तहका शिक्षकहरुको कक्षा अवलोकन फारम र प्रश्नावली भराएर तालिमवाट प्राप्त सीपहरुको कक्षा शिक्षणमा प्रयोगको स्थितिको व्याख्या विष्लेशण गरिएको छ ।  यस अध्ययनमा तथ्याङ्कहरुलाई अध्ययन क्षेत्रबाट संकलन गरिएका प्राथमिक स्रोतलाई तालिकामा राखी व्याख्या गरिएको छ । यसैगरी अध्ययनको प्राप्त माध्यमिक स्रोतको तथ्याङ्कलाई विश्लेषणात्मक रुपमा विश्लेषण गरिएको छ । साथै सूचनाहरुलाई गुणात्मक र परिमाण्त्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

# परिच्छेद चारः सूचनाहरुको विश्लेषण र व्याख्या

आधारभूत शिक्षक तालिमबाट प्राप्त ज्ञान र सीपको कक्षा शिक्षणमा प्रयोगको अवस्था पहिचान गर्ने उद्देश्यले प्रस्तुत अध्ययन इलाम जिल्लामा अवस्थित श्री डम्बरदेवी उ.मा.वि., अमर उच्च मा.वि. बरबोटे र साङ्गरुम्बा उ.मा.वि., साङ्गरुम्बा गाउँमा सञ्चालन गरिएको थियो । यो अध्ययन आधारभूत शिक्षकले कक्षाकोठामा गरेका क्रियाकलापहरु र तालिममा प्रदान गरिएका ज्ञान र सीप अनुरुप शिक्षकले गरेका र नगरेका क्रियाकलापहरुको पहिचान गर्नमा केन्द्रित रहेको तथा उक्त उद्देश्यले पूरा गर्न सोही अनुरुपका तथ्याङ्क एवं सूचनाहरु संकलन गरिएको थियो । उक्त सूचनाहरु संकलन गर्न शिक्षक, अन्तर्वार्ता निर्देशिका, कक्षा अवलोकन फारम र समूह छलफल निर्देशिका जस्ता साधनहरु प्रयोग गरिएको थियो । यस अध्ययनमा संकलित सूचना एवं तथ्याङ्कहरुलाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ आधारभूत तहको शिक्षक तालिमबाट प्राप्त ज्ञान र सीपको कक्षा शिक्षणमा प्रयोगको अवस्था

यस अध्ययनको पहिलो उद्देश्य आधारभूत तहको शिक्षकहरुबाट तालिम लिएर के कति रुपमा कक्षा शिक्षणमा प्रयोग भएको छ भनी हेर्नु हो । वास्तवमा तालिम लिएर मात्र हुँदैन आफूले लिएको ज्ञान, सीप प्रत्यक्ष रुपमा विद्यार्थीको दिमाग भित्र पसाउन सकेमात्र यसको वास्तविक र सहि प्रयोग भएको मानिन्छ । अन्यथा तालिमको लागि गरिएको लगानी व्यर्थ हुन जान्छ । यहाँ नमुनाको रुपमा लिइएका तीन वटा विद्यालय डम्बरदेवी उ.मा.वि. चमैता, अमर उ.मा.वि. बरबोटे र साङ्गरुम्बा उ.मा.वि. साङ्गरुम्बाका शिक्षकहरुको कक्षा अवलोकन फाराम तथा छलफल समेत गरेर हेरिएको थियो ।

कक्षा अवलोकन फाराममा तालिममा प्रदान गरिएका ज्ञान र सीप मध्ये पाठको पूर्व तयारी अन्तर्गत धेरै जसो शिक्षकले पाठको पूर्व तयारी गरेरै कक्षामा शिक्षण गर्ने

गरेको पाइयो भने कमले मात्र विना तयारी शिक्षण गरेको पाइयो । त्यसैगरी कक्षा व्यवस्थापन सीप अनुसार धेरै शिक्षकले विद्यालयमा भएको मौजुदा स्थितिलाई नै व्यवस्थापन गरेको पाइयो । पाठयोजना सीप अन्तर्गत प्रायजसो सबै शिक्षकहरुले कागजमा पाठयोजना नबनाई दिमागी रुपमा पाठ योजना बनाई कुन पाठमा के शिक्षण गर्ने र कति कुरा सिकाउने भन्ने कुरा लिएर नै शिक्षण गर्ने गरेको पाइयो । पाठको शुरुमा अघिल्लो पाठको पुनरावलोकन गर्ने शिक्षकहरु अधिकांश रहेको पाइयो भने पाठको शुरुवात पनि विद्यार्थीहरुलाई उत्प्रेरणा जगाएर शुरु गर्ने शिक्षकहरु धेरै पाइयो । कक्षा शिक्षणका समयमा प्रस्तुतीकरण गर्दा विद्यार्थीहरुलाई पाठसँग सम्बन्धित उदाहरणहरु दिएर कक्षा रमाइलोसँग सम्पन्न गर्ने शिक्षकहरु धेरै पाइयो । विद्यार्थीहरुलाई उत्प्रेरणा जगाउने सीप अन्तर्गत तालिम लिएर धेरै शिक्षकहरुले नै प्रयोग गरेको पाइयो । शिक्षक विद्यार्थी अन्तरक्रिया सीप अन्तर्गत पनि तालिम दिएका मध्ये धेरै शिक्षकहरुले नै प्रयोग गरेको पाइयो । शिक्षकले अध्यापन गर्न कक्षा कोठामा प्रवेश गर्दा आफू प्रति आत्मविश्वास हुनु जरुरी छ । यस सीपमा सबै शिक्षकहरु पेशाप्रति आत्मविश्वासी रहेको पाइयो । बालमैत्री शिक्षण सीप पछिल्लो विकसीत नयाँ अवधारणा हो । यस सीप अन्तर्गत बालमैत्री सीपको प्रयोग पनि तालिम प्राप्त धेरै शिक्षकहरुले प्रयोृग गरेको पाइयो । कक्षामा भएका विशेष प्रकृतिका बालबालिकाको पहिचान गरी आवश्यक सहयोग पुऱ्याउने सीपमा पनि धेरै शिक्षकले प्रयोग गरेको पाइयो । शिक्षण विधिको प्रयोगलाई हेर्दा नविनतम् शिक्षण विधिको प्रयोग भने कमै शिक्षकहरुले मात्र प्रयोग गरेको पाइयो । धेरै शिक्षकहरुले पुरानै पाराको व्याख्यान विधिको प्रयोग गरेको पाइयो । त्यस्तै केही शिक्षकहरुले झन्झट मानेर र अल्छी गरेर शैक्षणिक सामग्रीको निर्माण र प्रयोग कम गरेको पाइयो भने धेरै शिक्षकहरुले विद्यालयमा उपलब्ध भएसम्मको शैक्षिक सामग्री मात्र प्रयोग गरी कक्षा शिक्षण गरेको पाइयो ।

त्यसैगरी कक्षा शिक्षणको अन्त्यमा आफूले गरेको शिक्षण प्रभावकारी भयो या भएन भनी मूल्याङ्कन गर्न कक्षामा गृह कार्य दिने काम तालिम लिएका सबै

शिक्षकहरुले गर्ने गरेको पाइयो । यस अन्तर्गत केहीले कक्षामा नै प्रश्नहरु सोध्ने र केहीले गृहकार्य गर्न दिने गरेको पाइन्छ ।

यसरी सर्सती हेर्दा तालिम लिएका शिक्षकहरुले तालिमबाट सिकेका ज्ञान र सीपको प्रयोग पूर्ण रुपमा नभए पनि आधा भन्दा बढी कक्षा शिक्षणमा प्रयोग गरेको पाइयो ।

यसरी माथिको तथ्यलाई केलाएर हेर्दा प्याभलवको व्यवहारवादी सिकाइ सिद्धान्त अनुसार तालिममा लिएको ज्ञान र सीपलाई शिक्षकले कक्षा शिक्षणमा प्रयोग गरी विद्यार्थीहरुको व्यवहारमा् परिवर्तन ल्याउन सघाउ पुगेको र भिगोत्स्कीको निर्माणवादी सिद्धान्त अनुसार शिक्षक तालिमबाट प्राप्त ज्ञान र सीप विद्यार्थी माझ पुऱ्याई सही रुपमा प्रयोग गरेर विद्यार्थीहरुलाई असल चरित्र एवं् सही मार्गदर्शन गरेर समाजको सफल व्यक्तित्व निर्माण गर्ने भएकोले प्याभलवको व्यवहारवादी सिद्धान्त र भिगोत्स्कीको निर्माणवाद सिद्धान्तसँग यो अध्ययन मेल खाएको देखिन्छ ।

## ४.२ आधारभूत तहका शिक्षकले कक्षा शिक्षणमा गरेका क्रियाकलपहरु

आधारभूत तहका शिक्षकहरुको पेशागत सक्षमता प्रदान गर्नका लागि सम्बन्धित कार्यमा आवश्यक ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्ने माध्यम नै तालिम हो । शिक्षक तालिमको माध्यमबाट शिक्षकहरुमा पेशागत सक्षमताको विकास गरिन्छ । शैक्षिक जनशक्ति विकास केन्द्रले विद्यालय तहमा अध्यापनरत शिक्षकहरुलाई विभिन्न समयावधिको तालिमहरु दिने गरेको पाइन्छ । नेपालको शिक्षा प्रणाली व्यवस्थाका हालै संसोधित ऐनहरु तथा कानूनहरुले शिक्षाको तहको संरचनालाई आधारभूत तह -कक्षा १ देखि ८) र माध्यमिक तह (कक्षा ९-१०) लाई लिइएको छ । अध्ययन क्षेत्रको रुपमा रहेको विद्यालयहरुका कक्षा १ देखि कक्षा ८ मा अध्ययनरत सबै शिक्षकहरुले १० महिने सेवाकालिन तालिम लिएको पाइयो । शैक्षिक योग्यता, तालम, तालिम अवधि अनुसूची १ मा प्रस्तुत गरिएको छ । १० महिने शिक्षक तालिमबाट कक्षाकोठा व्यवस्थापन, पाठको तयारी, विषय वस्तुको प्रस्तुती, शिक्षण विधिको प्रयोग, कक्षाकोठामा शैक्षणिक सामग्रीको प्रयोग र ४५ दिने पेशागत क्षमता अभिबृद्धि ।

प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, सारांश र निष्कर्ष जस्ता ज्ञान र सीपहरु प्रदान गरिएको पाइन्छ ।

कक्षा कोठा व्यवस्थापन सीप अन्तर्गत बसाई व्यवस्थापन (U आकृति, V आकृति बृताकार, अर्ध बृतकार) कक्षा कोठामा हावा, प्रकाश, बत्ति, विद्यार्थी राख्ने ठाउँको व्यवस्था, विद्यार्थी र शैक्षिक सामग्री बीचको तादाम्यता जस्ता सीपहरु प्रयोग गरेको पाइन्छ । जसमा कक्षाकोठाको व्यवस्थापन पक्ष परम्परागत शैलीको नै रहेको पाइयो । यसैगरी शैक्षणिक प्रक्रिया अन्तर्गत प्रदान गरिएका सीपहरुमा पाठप्रति विद्यार्थीको उत्प्रेरणा, शैक्षणिक सामग्रीको प्रयोग, प्रश्न सोध्ने अवसर प्रदान, प्रश्न गरिसकेपछि उत्तर सोध्ने अवसर प्रदान, सजिलै सिक्न नसक्नेलाई विषेश सहायताको अवस्था, विद्यार्थीको समान सहभागिता, कक्षाकोठामा लैगिक समानताको अवस्था कायम र कक्षाकोठामा जनजातिमा समानता कायम गर्ने सीपको प्रयोगको अवस्था राम्रो रहेको पाइयो भने अन्य सीपहरु प्रयोगको अवस्था कम्जोर रहेको पाइयो ।

पाठको योजनाका लागि शिक्षकको तयारीसँग सम्बन्धित सीपहरुमा पाठको तयारी, पूर्व पाठको पुनरावलोकन, शैक्षणिक सामग्रीको तयारी, भौतिक स्रोतहरुको व्यवस्थापन, स्रोतहरुको उपयुक्तता र स्रोतहरुको उपयुक्त व्यवस्थापन रहेकोमा ती सीपहरु मध्ये पूर्व पाठको पुनरावलोकन गर्ने सीपको प्रयोगको अवस्था राम्रो रहेको पाइयो भने शैक्षणिक सामग्रीको तयारी, स्रोतहरुको उपयुक्तता र स्रोतहरुको उपयुक्त व्यवस्थापन सम्बन्धी सीपहरु मध्ये पाठको तयारी सम्बन्धी सीपको प्रयोगको अवस्था कमजोर रहेको पाइयो । विषयवस्तुको छनौट शैक्षणिक सामग्रीको क्रमबद्ध प्रयोग, धारणा स्पष्ट पार्नका लागि उदाहरण दिनु र विषयवस्तुको सारांश प्रस्तुत जस्ता सीपहरु प्रदान गरिएकोमा धारणा स्पष्ट पार्नको लागि उदाहरणहरु प्रस्तुत गर्ने सीपको प्रयोग सबै शिक्षकहरुले गर्ने गरेको पाइयो । यस अन्तर्गतको विषयवस्तुको सारांश र शैक्षिक सामग्रीको क्रमबद्ध प्रयोग गर्ने सीप प्रयोगको अवस्था कमजोर रहेको पाइयो भने उपयुक्त विषयवस्तुको छनौट गर्ने सीप सन्तोषजनक मात्र रहेको पाइयो ।

शिक्षण विधिको प्रयोग अर्न्तगत शिक्षण विधि छनौटको सीप उपयुक्त विधिको प्रयोग र समय-समयमा शिक्षण विधि परिवर्तन गर्ने सीपहरु तालिममा प्रदान गर्ने गरेको पाइयो । यसमा समय-समयमा शिक्षण विधि छनौट गर्ने सिपको प्रयोग कम्जोर भएको देखियो । यसै गरी शैक्षिक सामग्रीको प्रयोग गर्ने सीप अन्तर्गत सामग्रीहरुको उपयुक्तता विद्यार्थी शिक्षक निर्मित सामग्रीको प्रयोग, प्रयोग गरिएका सामग्रीहरु प्रति विद्यर्थीहरुको संचेतना विषयवस्तुको प्रकृति अनुरुप सामग्रीको प्रयोग र क्रमबद्ध रुपमा सामग्रीको प्रयोग जस्ता सीपहरु तालिममा प्रदान गर्ने गरेकोमा शैक्षिणिक सामग्रीहरुको उपउुक्तता, विषवस्तुको प्रकृति अनुरुप सामग्रीको प्रयोग र क्रमवद्धरुपमा सामग्रीको प्रयोगको आवस्था सामन्य रहेको पाइयो भने अन्य सीपहरुको प्रयोगको अवस्था चाँहि मध्यम रहेको पाइयो ।

शिक्षक विद्यार्थी अन्तरक्रियामा छनौट गरिएका शिक्षकहरुको कक्षा आवलोकन गर्दा मध्यम खालको पाइयो । प्रायः अझ पनि तालिममा लिए अनुसारको अन्तरक्रियात्मक शिक्षण प्रकृया गर्न नसकेको पाइयो । यसमा ३ वटा विद्यालयहरुमध्ये छनौट गरिएका १५ जना आधारभूत तहका शिक्षक-शिक्षिकाहरु मध्ये ११ जनाको उक्त सीपमा मध्यम प्रकारको पाइयो भने अन्य ४ जनाको उक्त सीप सामान्य रहेको पाइयो । शिक्षक आत्मविश्वास अर्न्तगत छनौट गरिएका शिक्षकहरुको कक्षा अवलोकन गर्दा विषयवस्तु प्रतिको आत्मविश्वास राम्रो रहेको पाइयो भने उनीहरुको पाठ्यपुस्तक भन्दा बाहिरका विषयवस्तुरुमा कम्जोर आत्मविश्वास रहेको पाइयो । यसमा शिक्षकले लिएको १० महिने तथा ४५ दिने तालिमले आत्मविश्वासमा राम्रो सुधार आएको अवधारण पाइयो ।

विद्यार्थी मूल्याङ्कन सीप अन्तर्गत पाठ योजनामा आधारित भएर विद्यार्थी मूल्याङ्कन गर्ने, क्रमिक रुपमा पृष्ठपोषण प्रदान गर्ने, राम्रो प्राप्तिको लागि पुरस्कार प्रदान गर्ने, व्यक्तिगत अभ्यासको अवसर प्रदान गर्ने र विद्यार्थीको प्राप्तिको लेखाजोखाको लागि अवलोकन र प्रश्नको प्रयोग गर्ने सीपहरु तालिममा प्रदान गरिएकोमा पाठ योजनामा आधारित भई विद्यार्थी मूल्याङ्कन गर्ने र व्यक्तिगत अभ्यासको अवसर प्रदान गर्ने सीपको प्रयोगको अवस्था सामान्य पाइयो भने अन्य

सीपहरुको प्रयोगको अवस्था राम्रो रहेको पाइयो । सारांश र निष्कर्ष प्रदान गर्ने सीप अर्न्तगत विषय वस्तुको पुनाराबृत्ति, विषयवस्तुको सारांश, गृहकार्य प्रदान, पाठको रुचीपूर्ण समापित र पाठको समापितका लागि उपयुक्त समय व्यवस्थापन जस्ता सपहरु तालिममा प्रदान गरिएकोमा पाठको रुचीपूर्ण समापित गर्ने सीपको प्रयोगको अवस्था सन्तोषजनक रहेको पाइृयो भने यस अन्तर्गतका अन्य सीपहरुको प्रयोगको अवस्था राम्रो रहेको पाइयो

आधारभूत शिक्षक तलिममा शिक्षकहरुलाई प्रदान गरिएका ज्ञान र सीपहरु अन्तर्गत शिक्षकले कक्षाकोठामा गरेका क्रियाकलापहरुमा विद्यार्थी मूल्याङ्कन सारांश र निश्कर्ष प्रदान गर्ने सीपको प्रयोगको आवस्था राम्रो रहेको पाइएता पनि अन्य केहि सीपहरुको प्रयोगको अवस्था सन्तोषजनक र धेरै सीपहरुको प्रयोगको अवस्था कम्जोर रहेको देखिन्छ । छनौट गरिएका शिक्षकहरुका अनुसार तलिमले आशा गरेभन्दा अत्यन्तै न्यून मात्रामा शिक्षकको पढाउने शैलीमा सुधार आएको छ । उनीहरुको अनुसार यस्ता सीपहरु शिक्षकले व्यवहारमा लागू गर्न नसक्नुमा तालिमको पर्याप्त अनुगमन र शिक्षकको कामको अनुगमन नहुनु हो । उक्त स्थितिपत्रमा उल्लेख भए जस्तै कक्षा शिक्षणका क्रियाकलापहरुमा आधारभूत शिक्षक तालिममा शिक्षकहरुलाई प्रदान गरिएका ज्ञान र सीपको प्रयोग नभएको देखिन्छ ।

आधारभूत तहका शिक्षकहरुले तालिममा सिकेका ज्ञान, सीप र क्षमता अनुरुप कक्षा शिक्षणमा गरेका क्रियाकलापहरु हेरिएको छ । तालिममा सिकेका कुरा कक्षा शिक्षण क्रियाकलापमा प्रयोग गरे मात्र तालिमको लक्ष्य पूरा हुन्छ । अन्यथा तालिममा लिएको ज्ञान, सीप अनुसार कक्षा शिक्षणमा प्रयोगमा नआए व्यर्थ हुन्छ । तसर्थ तालिममा सिकेका विविध ज्ञान र सीपलाई कक्षाकोठामा प्रयोग गरी विद्यार्थीहरुलाई प्रभावकारी शिक्षण गर्नुपर्दछ । यसरी हेर्दा शिक्षक तालिमबाट कक्षाकोठा व्यवस्थापन, पाठको पूर्व तयारी, शैक्षिक सामग्रीको निर्माण, संकलन र प्रयोग, विद्यार्थीहरुमा उत्प्रेरणा जगाउने, शालमैत्री शिक्षण, विशेष प्रकृतिका बालबालिका पहिचान गरी आवश्यक सहयोग पुऱ्याउने र नयाँ नयाँ शिक्षण विधिको प्रयोग गरेर शिक्षण गरेमात्र शिक्षण प्रभावकारी भई शैक्षिक उपलब्धी स्तर बृद्धि हुने गर्दछ । यसरी

शैक्षिक उपलब्धी बृद्धि हुनु भनेको विद्यार्थीको व्यवहारमा सकारात्मक परिवर्तन आई समाजको असल नागरिक निर्माण हुनु हो । त्यसैले यहाँ प्याभलवको व्यवहारवादी सिद्धान्त र भिगोत्स्कीको एक सफल मानव निर्माण गर्ने निर्माणवादी सिद्धान्तसँग मेल खान्छ ।

## ४.३ तालिममा लिएको ज्ञान र सीप अनुरुप शिक्षकले कक्षा शिक्षण सिकाइमा गरे नगरेका क्रियाकलापहरुको तुलना

आधारभूत शिक्षक तलिमको माध्यमबाट विभिन्न विषयमा आवश्यक ज्ञान र सीपहरु प्रदान गर्ने गरेको पाइन्छ । अध्ययन क्षेत्र श्री डम्बर देवी उ.मा.वि. चमैता, श्री साङ्गरुम्बा उ.मा.वि. साङ्गरुम्बा र श्री अमर उ.मा.वि. बरबोटे मा अध्यापन गर्ने आधारभूत तहका १५ जना शिक्षक शिक्षिकाहरु मध्ये १० महिने तालिम लिने १० जना र ५ जनाले ४५ दिने तालिम लिइएको पाइयो । छनौट गरिएका शिक्षकहरु १० महिने सेवाकालिन र ४५ दिने तालिममा प्रदान गरिएका ज्ञान र सीप अनुरुप शिक्षकले कक्षा शिक्षणमा गरेका र नगरेका क्रियाकलापहरु तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.१

तालिम अनुरुप शिक्षकले गरेका र नगरको क्रियाकलापहरु

| क.स | तालिममा प्रदान गरिएका ज्ञान र सीप | प्रयोग गर्ने शिक्षक संख्या | प्रयोग गर्ने शिक्षक संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | कक्षाकोठा व्यवस्थापन | ०६ | ०९ | १५ |
| २ | पाठको तयारी | १० | ०५ | १५ |
| ३ | विषयवस्तुको प्रस्तुती | १२ | ०३ | १५ |
| ४ | शिक्षण विधिको प्रयोग | ०८ | ०७ | १५ |
| ५ | शैक्षिक सामग्रीको छनौट र प्रयोग | ०७ | ०८ | १५ |
| ६ | कक्षा कोठामा शैक्षिणिक योजना | ०९ | ०६ | १५ |
| ७ | विद्यर्थी मूल्याङ्कन | ११ | ०४ | १५ |
| ८ | सारांश र निष्कर्ष | १५ | ०० | १५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिकालाई विश्लेषण गर्दा आधारभूत तहका शिक्षक तालिमबाट प्रदान गरिएका ज्ञान र सीपहरु कक्षा शिक्षणमा प्रयोगको अवस्था अत्यन्तै कमजोर रहेको पाइयो । कक्षाकोठा व्यवस्थापन तालिम लिए अनुरुप सबै शिक्षकहरुले प्रयोग नगरेको पाइयो । जम्मा १५ जनाको अवलोकनमा ६ जना शिक्षकले तालिम अनुसारकै कक्षाकोठा व्यवस्थापन गरेको पाइयो । यसको कारण कक्षाकोठाको आकार, भौतिक सामग्रीको अभाव र विद्यालयको कमजोर आर्थिक अवस्था प्रमुख रहेको पाइयो । अन्य

ज्ञान र सीपरु पनि छनौटमा परेका १५ जना शिक्षक मध्ये धेरैले प्रयोग नगर्ने गरेको पाइयो । यसका प्रमुख कारणहरुमा झन्झट मान्ने, आफ्नो पेशाप्रति उदासिनता, प्रयोग गर्न चाहिने भौतिक सुविधाको अभाव, सैद्धान्तिक शिक्षा, परम्पारावादी शिक्षण पद्धति विद्यालयको कम्जोर आर्थिक अवस्था तथा तालिम दिने निकायको अनुगमन तथा मूल्याङ्कनको अभाव रहेको पाइयो । कक्षा शिक्षणको अन्त्यमा विद्यार्थी मूल्याङ्कन १५ जना शिक्षक मध्ये धेरै जनाले प्रयोग गरेको र थोरै जनाले मात्र प्रयोग नगरको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने धेरै शिक्षकलाई तालिमले सकारात्मका परिवर्तन ल्याएको देखिन्छ । छनौटमा परेका १५ जाना शिक्षकले नै निश्कर्ष र सारांश प्रस्तुत गर्ने सीप प्रयोग गरेको पाइयो । शिक्षकले उक्त सीपको प्रयोग गर्दा योजना विना नै गरको पाइयो ।

यी माथिका तथ्यहरुबाट के निष्कर्ष निकाल्न सकिन्छ भने तालिमबाट प्राप्त ज्ञान र सीपको आधारमा शिाक्षकहरु तालिम प्राप्त रहेको भए तापनि धेरै छनौटमा परेका शिक्षकहरुले त्यसको प्रयोग गर्न भने नसकेको र नगरेको पाइन्छ । यसको प्रमुख कारण योजनाविहिन तरिकाले कक्षाकोठामा प्रवेश नयाँ-नयाँ ज्ञानको खोजीमा अभाव रहेको पाइयो भने शिक्षकहरुको अल्छीपना सहायक रहेको पाइयो ।

आधारभूत शिक्षक तालिमबाट प्रदान गरेका ज्ञान र सीपहरुको कक्षा शिक्षणमा प्रयोगको अवस्था के-कस्तो रहेको छ र उक्त सीपहरुको प्रयोग राम्रो हुन नसक्नुका कारणहरु के-के हुन सक्छन् भन्ने सन्दर्भमा संकलन गरिएका र प्राप्त सूचनाहरुलाई निम्नाअनुसार विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.३.१ कक्षाकोठा व्यवस्थापन

कक्षकोठाको व्यवस्थापन अन्तर्गत शिक्षक तालिमबाट बसाई व्यवस्थापन (जस अन्तर्गत U आकृति, वृताकार अर्धवृताकार) कक्षाकोठामा हावा, प्रकाश बत्ती, विद्यार्थी हलचल गर्न मिल्ने र शिक्षक घुम्न मिल्ने ठाँउको संयोजन शैक्षिक सामग्रीको प्रयोग गर्ने र राख्ने ठाउँको व्यवस्था, विद्यार्थी र शैक्षिक सामाग्री बीचको तादाम्यता, समूह निर्माण एंव विविध क्रियाकलाप गर्ने ठाँउको व्यवस्था, विद्यार्थीहरु अन्तरक्रिया, छलफल

गर्न सकिने व्यवस्थाका सम्बन्धमा ज्ञान र सीप प्रदान गरिएको थियो । सो अनुरुप कक्षा अवलोकन गर्दा सबै कक्षाकोठाहरुमा तालिमबाट प्राप्त सीप अनुरुप कक्षाकोठा व्यस्थापन नगरेको पाइयो । कक्षा ५,६,७ र ८ का कुनै पनि कक्षाकोठामा तालिम अनुरुप व्यस्थापन नगरेको पाइयो भन्ने कक्षा १,२,३ र ४ मा भने शैक्षिक सामग्रीहरु भित्तामा टालेको र  सामग्री राख्ने दराजको व्यवस्था गरेको पाइयो । कालो पटीको अवस्था भने अवलोकन गरेका सबै कक्षाहरुमा कक्षाकोठाको बिचमा सबैले देख्ने गरी झुण्डाइएको पाइयो । सबै विद्यार्थीहरुलाई दुबै लहरमा छात्रा र छात्र दुबैलाई छुट्टा-छुट्टै राखेको पाइयो भने हावा एवं प्रकाश दिने झ्याल र ढोकाको व्यवस्था गरेको पाइयो ।

तालिम अनुरुप कक्षा व्यवस्थापन गर्न नसक्नु अधिकांश शिक्षकहरुका अनुसार विद्यालयमा भौतिक एंव आर्थिक स्रोतको अभाव रहेको पाइयो । यसैगरी विद्यालयको भौतिक अवस्था र कक्षाकोठाको उपयुक्त आकार नभएकाले तालिममा प्रदान गरिएका सीपहरु कक्षाकोठामा प्रयोग गर्न नसकिने गरेको पाइयो । शिक्षा नियमावली २०५९ ( सातौ संसोधन) ले कक्षागत क्षेत्रफल पूर्व र प्राथमिक विद्यालयको हकमा प्रति विद्यार्थी ०.७५ वर्गमीटर तथा निम्न माध्यमिक र माध्यमिक विद्यालयका हकमा १.०० वर्गमिटर भन्दा कम हुनु नहुने उल्लेख गरेता पनि सबै कक्षाकोठाहरु सो अनुरुप नरहेको कारणले पनि कक्षाकोठा व्यवस्थापन गर्न कठिनाई रहेको छ भन्न सकिन्छ । यसबाट के स्पष्ट हुन्छ भने छनौट गरिएका सबै विद्यालयहरुमा कक्षा कोठाको व्यवस्थापकीय पक्ष स्तरीय पाइएन । यसको प्रमुख कक्षा भने विद्यालयको कम्जोर अवस्था हो ।

### ४.३.२. शैक्षणिक प्रक्रिया

आधारभूत तहका शिक्षक तालिमबाट शिक्षण सिकाई प्रक्रियाको सन्दर्भमा सबै विद्यार्थीका आवश्यकता र चाहनाहरुलाई सम्बोधन गर्दै कक्षाकोठामा गरिने क्रियाकलापमा सबै विद्यार्थीहरुको समान सहभागिता हुन सक्ने वातावरण सृजना गर्न सक्ने व्यक्तिको आशा गरिएको छ । शैक्षणिक प्रक्रियालाई समूह कार्य र साथीहरुबीचको कार्यको संगठनको रुपमा समेत हेर्न सकिने कुरा र उल्लेख गरिएको छ

। (NCED-2064) । शिक्षक व्यवहार र शैक्षणिक प्रक्रियाका सन्दर्भमा तालिमबाट प्रदान गरिएका ज्ञान र सीपको प्रयोगको् अवस्थालाई तालिका ४.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.२

तालिमबाट प्राप्त शैक्षणिक ज्ञान र सीपको प्रयोगको अवस्था

| क.स | तालिममा प्रदान गरिएका ज्ञान र सीपहरु | प्रयोग भाव शिक्षक संख्या | प्रयोग नगर्ने शिक्षक संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | पाठप्रति विद्यार्थीको उत्प्रेरण | ०९ | ०६ | १५ |
| २ | विद्यार्थीको सक्रिय सहभागिता | ०३ | १२ | १५ |
| ३ | कक्षाकोठामा लैङ्गिक समनताको अवस्था कायम | ०४ | ११ | १५ |
| ४ | कक्षाकोठामा जात-जातिगत समानता कायम | १५ | ०० | १५ |
| ५ | शैक्षणिक सामग्रीको प्रयोग | ०४ | ११ | १५ |
| ६ | प्रश्न सोध्ने अवसर प्रदान | ०५ | १० | १५ |
| ७ | प्रश्न गरिसकेपछि उत्तर सोध्ने अवसर प्रदान | ०४ | ११ | १५ |
| ८ | सजिलै सिक्नलाई विषेश सहायताको व्यवस्था | ०३ | १२ | १५ |
| ९ | शिक्षण सिकाइमा शिक्षकको पथ प्रर्दशनात्मक भूमिका | ०३ | १२ | १५ |
| १० | सिक्नको लागि समान अवसर | ०८ | ०७ | १५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

तालिमबाट शैक्षणिक प्रकृया अन्तर्गत प्रदान गरिएका ज्ञान र सीपहरु कक्षाकोठामा प्रयोग गर्न शिक्षक संख्या अत्यन्तै न्यून रहेको पाइयो । शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन अवलम्बन गर्नु पर्ने शैक्षणिक क्रियाकलाप अर्न्तगत विद्यार्थीलाई उत्प्रेरित गर्ने, शैक्षिक सामग्रीको प्रयोग गर्ने, प्रश्न सोध्ने र प्रश्न सोधिसकेपछि उत्तर सोध्ने अवसर प्रदान गर्ने, सिक्न नसक्नेलाई विशेष सहायताको अवसर प्रदान गर्न, विद्यार्थीको सक्रिय सहभागिता जस्ता क्रियाकलापहरु एक जना शिक्षकले मात्र गर्न गरेको पाइयो भने लैङ्गिक र जातिगत समानता  कायम गरेर सबैलाई समान किसिमको शैक्षणिक व्यवहार अवलम्बन भने १५ जना शिक्षक मध्ये सबैले प्रयोग गरेको पाइयो ।

यसैगरी विद्यार्थीहरुका अनुसार शिक्षकले प्रश्न कम मात्र सोध्ने, शैक्षणिक सामग्रीको प्रयोग नगर्ने, शिक्षकले कालोपटीको प्रयोग गरेर, विद्यार्थीलाई पढ्न लगाएर, शिक्षण प्रक्रिया सञ्चालन गर्ने गरेको पाइयो । छनौटमा परेका १० जना विद्यार्थी मध्ये आधाले शिक्षकलाई कक्षा-शिक्षणमा प्रश्न सोध्ने गरेको पाइयो । प्रश्न नसोध्ने कारणमा बढी विद्यार्थीहरु शिक्षकसँग डराउने गरेको पाइयो । सबै विद्यार्थीलाई कक्षा शिक्षणमा शिक्षकले समान व्यवहार गरको पाइयो ।

शैक्षणिक प्रक्रियाको सन्दर्भमा तालिमबाट प्रदान गरिएका सीपहरु कक्षाकोठामा प्रयोग गर्न नसक्नुमा शिक्षकहरुले पहिले देखि अवलम्बन गर्दै आएका विधि एंव प्रक्रियालाई नै सजिलो भएको पाइन्छ । शिक्षकहरुले यसरी कक्षा शिक्षण गर्न झञ्झटिलो हुने, समयमा पठनपाठन कार्य गरेर सक्न गाह्रो हुने, विद्यार्थीहरु प्रश्न नगर्ने र भौतिक पक्षहरु पर्याप्त मात्र जुटाउन नसकिने कुरा उल्लेख गरको पाइयो । यसरी हेर्दा आधारभूत तहमा तालिम लिइएका शिक्षकहरुले कक्षकोठामा व्यवहारिक प्रयोगको अवस्था एकदमै कम्जोर भएको पाइयो ।

NCED (२०६४) का अनुसार थोरै संख्याका तालिम प्राप्त शिक्षकहरुले मात्र यस्ता क्रियाकलापहरु गर्ने गरेको उल्लेख गरेको छ । यसैका आधारमा पनि भन्न

सकिन्छ कि तालिमबाट प्रदान गरिएका सीपहरुको शिक्षकहरुले न्यून प्रयोग गरेको पाइयो ।

### ४.३.३ विषयवस्तुको प्रस्तुती

विषयवस्तुको प्रस्तुतीले कक्षा शिक्षणमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । विषयवस्तुको प्रस्तुतीको तरिकाले शैक्षणिक प्रक्रियालाई प्रभावकारी बनाउदछ । यसको प्रस्तुती गर्दा ठीक एवं क्रमबद्ध रुपले गरिएमा सिकारुमा सजिलैसँग बुझाइको विकास हुन्छ । तालिम प्राप्त शिक्षकहरुले संरचित एवं योजनाबद्ध तरिकाले उपयुक्त विषयवस्तुका छनौट, शैक्षणिक सामग्रीको क्रमबद्ध प्रयोग, धारणा स्पष्ट पार्नको लागि उदाहरण दिने, विषयवस्तुको सारांश प्रस्तुत गर्ने आशा गरिएको हुन्छ । विषयवस्तुको प्रस्तुतीसँग सम्बन्धित सूचनाहरुको प्रस्तुती तालिका ४.३ गरिएको छ ।

तालिका ४.३

विषयवस्तुको प्रस्तुतीसँग सम्बन्धित सीपको प्रयोग

| क्र.सं. | तालिममा प्रदान गरिएका ज्ञान र सीपहरु | प्रयोग गर्ने शिक्षक संख्या | प्रयोग नगर्ने शिक्षक संख्या | जम्मा |
|---|---|---|---|---|
| १. | उपयुक्त विषयवस्तुको छनौट | १२ | ३ | १५ |
| २ | शैक्षिक सामग्रीको क्रमबद्ध प्रयोग | ०७ | ०८ | १५ |
| ३. | धारणा स्पष्ट पार्नको उदाहरण दिनु | १० | ०५ | १५ |
| ४. | विषयवस्तुको सारांश प्रस्तुत | १५ | ० | १ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

माथि प्रस्तुत तालिका ४.३ मा छनौटमा परेका आधारभूत तहका १५ जना शिक्षकहरुको कक्षा शिक्षणमा विषयवस्तुको प्रस्तुतीको अवस्था देखाइएको छ । यस

अर्न्तगत उपयुक्त विषयवस्तुको छनौट गर्ने, शैक्षणिक सामग्रीको प्रयोग गर्ने, धारणा स्पष्ट पार्नका लागि उदाहरण दिने, विषयवस्तुको सारांश प्रदान गर्ने शिक्षक संख्या आधाभन्दा बढि नै  रहेको पाइयो भने नगर्ने शिक्षक संख्या कमि रहेको पाइयो । विषयवस्तु प्रस्तुती सम्बन्धी तालिमबाट प्राप्त सीप अर्न्तगत अवधारणा स्पष्ट पार्नको लागि उदाहरण दिने सीप १० जनाले गरेको पाइयो भने शैक्षिक सामग्रीको क्रमबद्ध प्रयोग गर्ने शिक्षक संख्या कम रहेको पाइयो । शैक्षणिक सामग्री प्रयोग गर्ने शिक्षक संख्या कम रहेको पाइएको छ जसको कारण प्रयोग गर्न झञ्झटिलो मान्ने, सामग्रीको उपलब्धता अत्यन्तै कमजोर रहेको, सामग्री व्यवस्थापन गर्नको लागि कक्षाकोठा व्यवस्थापन नगरिएको र आर्थिक अभाव प्रमुख कारण रहेको पाइयो ।

यसैगरी विद्यार्थीहरुका अनुसार विषयवस्तुको प्रस्तुती गर्दा शिक्षकले शैक्षिक सामग्री कहिलेकाही मात्र प्रयोग गर्ने गरेको र एउटा कक्षामा एउटा मात्र सामग्री प्रयोग गर्ने गरेको पाइयो । शिक्षकले पढाउँदा भने उदाहरण दिने कुरा अधिकांश विद्यार्थीहरुले उल्लेख गरेको पाइयो भने सारांश प्रस्तुती चाँहि कहिलेकाही मात्र गर्ने कुरा उल्लेख गरेको पाइयो ।

विषय वस्तुको प्रस्तुती सम्बन्धी तालिमबाट प्राप्त सीपको कक्षाकोठामा प्रयोगको अवस्था सन्तोषजनक नै रहेको पाइन्छ । यधपि शैक्षिक सामग्रीको प्रयोग गर्ने शिक्षक संख्या नै कम रहेकाले क्रमबद्ध प्रयोग गर्ने शिक्षक संख्या पनि कमै देखिन्छ ।

### ४.३.४ शिक्षकको तयारी

शिक्षक समाजको पथप्रदर्शक हो । प्रभावकारी शिक्षण प्रकृयाले विद्यार्थीलाई पढाइमा उत्प्रेरणा सिर्जना गर्दछ । कक्षाकोठामा प्रभावकारी शिक्षण गर्नको लागि शिक्षकको तयारी एक महत्वपूर्ण कार्य हो । शिक्षकको तयारी प्रत्यक्ष रुपले पाठको योजनासँग सम्बन्धित हुन्छ । शिक्षकको तयारीसँग सम्बन्धित ज्ञान र सीपहरुको कक्षा शिक्षणमा प्रयोगको अवस्थासँग सम्बन्धित सूचनाहरु तालिका ४.४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.४

पाठको योजनाका लागि शिक्षकको तयारीसँग सम्बन्धी सीपको प्रयोग

| क्र.सं. | ज्ञान र सीपहरु | प्रयोग गर्ने शिक्षक संख्या | प्रयोग नगर्ने शिक्षक संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | पाठको तयारी | १२ | ०३ | १५ |
| २ | पूर्वपाठको पुनरावलोकन | ११ | ४ | १५ |
| ३ | भौतिक स्रोतहरु व्यवस्थापन | ०८ | ०७ | १५ |
| ४ | स्रोतहरुको उपयुक्तता | ०७ | ०८ | १५ |
| ५. | स्रोतहरुको उपयुक्त व्यवस्थापन | ०९ | ०६ | १५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिका ४.४ लाई विश्लेषण गर्दा पाठको तयारी नगरी कक्षामा शिक्षण गर्न जाने शिक्षक संख्या पन्ध्र जनामा तीन जना मात्र पाइयो । अन्य सीपहरु पूर्वपाठको पुनरावलोकन, भौतिक स्रोतको व्यवस्थापन, स्रोतको उपुक्तता, स्रोतको उपयुक्त व्यवस्थापन गर्ने शिक्षक संख्या क्रमश पाँच, आठ, सात र नौ रहेको पाइयो । पाठयोजनाका लागि शिक्षकको तयारी अर्न्तगत प्रदान गरिएका सीपहरुमा पूर्वपाठको पुनरावलोकन गर्न सीप प्रयोगको अवस्था राम्रो रहेको पाइयो जसमा पन्ध्र जना शिक्षकहरु मध्ये एघार जनाले गरेको पाइयो । यसैगरी विद्यार्थीहरुका अनुसार पूर्व पाठको पुनरावलोकन नगर्ने शिक्षक संख्या ज्यादै कम मात्र पाइयो । शिक्षकले आफूले निर्माण गरेर वा विद्यार्थीहरुलाई निर्माण गर्न लगाएर भन्दा पनि विद्यालयमा भएका शैक्षिक सामग्रीहरु प्रयोग गर्ने गरेको पाइयो ।

### ४.३.५ शैक्षिक सामग्रीको छनौट र प्रयोग

शैक्षणिक सामग्री कक्षा शिक्षणमा महत्वपूर्ण रहेको हुन्छ । शैक्षणिक सामग्रीको सहायताले शिक्षण-सिकाइको क्रममा विद्यार्थीहरुमा प्रत्यक्ष वा ठोस अनुभवहरु प्रदान गरिन्छ । शिक्षण गर्दा विद्यार्थीलाई सजिलैसँग बुझ्न, प्रष्ट तरिकाले बुझ्न शैक्षिणिक सामग्रीले सहयोग गर्नुका साथै विद्यालयमा ज्ञान, धारणा र विचारहरुलाई प्रयोग गर्न समेत सहयोग पुऱ्याउँदछ । तसर्थ आधारभूत तहका शिक्षक तालिमको माध्यमबाट शैक्षणिक सामग्रीको छनोट र प्रयोग सम्बन्धी सीपहरु प्रदान गरिएको हुन्छ । शैक्षणिक सामग्रीको छनोट र प्रयोग गर्ने सीपको प्रयोगको अवस्था सम्बन्धी सूचनालाई तालिका ४.५ मा देखाइएको छ ।

तालिका ४.५

शैक्षणिक सामग्री छनोट र प्रयोग सम्बन्धी सीपको प्रयोगको अवस्था

| क्र.स. | तालिममा प्रदान गरिएका ज्ञान र सीपहरु | प्रयोग गर्ने शिक्षक संख्या | प्रयोग नगर्ने शिक्षक संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | सामग्रीहरुको उपयुक्तता | १५ | ०० | १५ |
| २ | विद्यार्थी शिक्षक निर्मित सामग्रीको प्रयोग | ११ | ०४ | १५ |
| ३ | प्रयोग गरिएका सामग्रीहरुप्रति विद्यार्थीहरुको सचेतना | १२ | ०३ | १५ |
| ४ | विषयवस्तुको प्रकृति अनुरुप सामग्रीको प्रयोग | १५ | ० | १५ |
| ५ | क्रमवद्ध रुपमा सामग्रीको प्रयोग | १५ | ० | १५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

माथि प्रस्तुत तलिका ४.५ लाई विश्लेषण गर्दा शैक्षिक सामग्रीको प्रयोग गरेर शिक्षण गर्ने शिक्षक संख्या धेरै पाइयो । जसमा सामग्रीहरुको उपयुक्ततामा पन्ध्र जना सबैले प्रयोग गरेको पाइयो, विद्यार्थी शिक्षक निर्मित सामग्रीको प्रयोग आधा भन्दा बढि शिक्षकले प्रयोग गरेको पाइयो, गरिएका सामग्रीहरुप्रति विद्यार्थीहरुको सचेतना जाँच्ने शिक्षक संख्या आधा भन्दा बढि पाइयो । यसैगरि विषवस्तुको प्रकृति अनुरुप सामग्रीको प्रयोग गर्न शिक्षक संख्या सबैले प्रयोग गरेको पाइयो । क्रमबद्ध रुपमा सामग्रीको प्रयोग गर्ने शिक्षकको संख्या पनि सबै पाइयो ।

शैक्षिक सामग्रीहरु विद्यालयमा उपलब्ध मात्र प्रयोग गर्ने गरेको कुरा उल्लेख गरेको पाइयो । तसर्थ यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने शैक्षिक सामग्री प्रयोग गरेर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन धेरै शिक्षकले नगर्न गरेको पाइयो भने शिक्षकको व्यवहारिक प्रयोगको अवस्था राम्रो रहेको पाइयो ।

### ४.३.६ शिक्षण विधिको प्रयोग

शिक्षण विधिले कक्षा शिक्षणमा प्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नको लागि शिक्षकले विविध किसिमका शिक्षण विधिहरु प्रयोग गर्नुपर्ने हुन्छ । वषयवस्तुको प्रकृति अनुसार सुहाउँदो शिक्षण विधि छनोट गरेर शिक्षण गरे शिक्षण प्रभावकारी हुने अपेक्षा गरिन्छ । सबै छनोट गरिएका शिक्षण विधिको मुख्य जोड भनेको सिकारुको ज्ञान, सीप र अभिवृत्तिको अन्वेषण गर्नु रहेको हुन्छ जसमा विद्यार्थी केन्द्रित वा सहभागितात्मक वा क्रियाकलापमा आधारित शिक्षण विधिको प्रयोग गर्नुपर्छ ।

तालिका ४.६

शिक्षण विधिको प्रयोग गर्ने सीपको कक्षा शिक्षणमा प्रयोग

| क्र.स | तालिममा प्रदान गरिएका ज्ञान र सीपहरु | प्रयोग गर्ने शिक्षक संख्या | प्रयोग नगर्ने शिक्षक संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | शिक्षण विधि छनोटको सीप | १२ | ०३ | १५ |
| २ | उपयुक्त विधिको प्रयोग | १२ | ०३ | १५ |
| ३ | समय-समयमा शिक्षण विधि परिवर्तन (एक पाठको लागि बहु विधिको प्रयोग) | ०४ | ११ | १५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

माथिका प्रस्तुत तालिका ४.६ लाई विश्लेषण गर्दा शिक्षण विधिको छनोट गर्ने सीप र उपयुक्त शिक्षण विधिको प्रयोग गर्ने सीप प्रयोग गर्ने शिक्षक आधा भन्दा बढि रहेको पाइयो, प्रयोग नगर्ने शिक्षक संख्या न्यून रहेको पाइयो भने समय समयमा शिक्षण विधिको परिर्वतन गर्ने शिक्षक भने ज्यादै न्यून पाईयो । शिक्षण विधि छनोट गर्ने सीप र उपयुक्त शिक्षण विधि प्रयोग गर्ने सीपको प्रयोगको अवस्था राम्रो रहेको पाइएता पनि एउटै पाठमा समय समयमा शिक्षण विधिको परिवर्तन गर्ने सीप अत्यन्तै कम्जोर रहेको पाइयो । जसमा पन्ध्र शिक्षक मध्ये चार जनाले मात्र बहुविधिको माध्यमबाट शिक्षण गरेको पाइयो भने अन्य सबैले एउटै शिक्षण विधिको प्रयोग गरेको पाइयो ।

यसैगरी विद्यार्थीका अनुसार व्याख्यान विधि, छलफल विधि बढी प्रयोग गर्ने गरेको पाइयो भने प्राय एउटै कक्षामा एउटै मात्र शिक्षण विधि प्रयोग गरेको पाइयो ।

तसर्थ शिक्षण विधिको छनोट उपयुक्तता सन्दर्भमा सीप प्रयोगको अवस्था राम्रो रहे पनि विविध विधिको सहायताले शिक्षण गर्ने सीपलाई भने प्रयोग नगरेको देखिन्छ ।

### ४.३.७ विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रकृयालाई प्रभावकारी रुपमा अघि बढाउन विद्यार्थी मूल्याङ्कन एक अनिवार्य सर्त हो । शिक्षण क्रियाकलाप सञ्चालन गरिसकेपछि विद्यार्थीहरुमा अपेक्षित सिकाइ उपलब्धीहरु हासिल भयो भएन भनेर निर्णय लिन वा सुधारात्मक शिक्षण गर्नको लागि विद्यार्थी मूल्याङ्कनका साधनहरु प्रयोग गर्नुपर्ने हुन्छ । तालिम शिक्षकहरुले तालिमको माध्यमबाट विभिन्न किसिमका विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित सीपहरु हासिल गरेका हुन्छन् । उक्त कक्षाकोठामा प्रयोग अवस्थालाई तालिका नं ४.७ मा प्रस्तुत गरिएका छ ।

तालिका ४.७

विद्यार्थी मूल्याङकनको अवस्था

| क्र.स | तालिममा प्रदान गरिए ज्ञान र सीपहरु | प्रयोग गर्ने शिक्षक संख्या | प्रयोग गर्ने शिक्षक संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | पाठ्योजनामा आधारित भएर विद्यार्थी मूल्याङ्कन | ०३ | १२ | १५ |
| २ | क्रमिक रुपमा लागि पुरस्कार प्रदान | १३ | ०२ | १५ |
| ३ | राम्रो प्राप्तिको लागि पुरस्कार प्रदान | १० | ०५ | १५ |
| ४ | व्यक्तिगत अभ्यासको अवसर प्रदान | ११ | ०४ | १५ |
| ५ | विद्यार्थीको प्राप्तिको लेखाजोखाको लागि अवलोकन | १२ | ०३ | १५ |

स्रोत :स्थलगत सर्वेक्षण, २०६८

माथि प्रस्तुत तालिका ४.७ लाई विश्लेषण गर्दा विद्यार्थी मूल्याङ्कन गर्ने सीपको प्रयोगको अवस्था राम्रो रहेको पाइन्छ । पाठयोजनामा आधारित भएर विद्यार्थी मूल्याङ्कन गर्ने संख्या र व्यक्तिगत अभ्यासको अवसर प्रदान गर्ने शिक्षक संख्या एघार जना मात्र रहेको पाइयो भने क्रमिक रुपमा पृष्ठपोषण प्रदान गर्ने, राम्रो प्राप्तिको लागि पुरस्कार प्रदान गर्ने र विद्यार्थीको प्राप्तिको लेखालेखाको लागि अवलोकन र प्रश्नको प्रयोग गर्ने शिक्षक संख्या आधा भन्दा बढि नै रहेको पाइयो । छनोटमा परेका सबै शिक्षक मध्ये कमैले मात्र विद्यार्थी मूल्याङ्कन सीप प्रयोग नगरेको पाइयो । यसरी हेर्दा के देखिन्छ भने तालिमको आधारभूत तहका शिक्षकहरुमा व्यवहारिक प्रयोग राम्रो भएको पाइयो । यसैगरी विद्यार्थीहरुको अनुसार शिक्षकले कक्षा शिक्षणमो क्रममा प्रश्न सोध्ने, राम्रो उत्तर दिनेलाई स्वागत धन्यवाद दिने, शिक्षकले व्यक्तिगत रुपमा प्रश्न सोध्ने, गृहकार्य कक्षा कार्य प्रदान गर्ने गरेको कुरा उल्लेख गरेको पाइयो । विद्यार्थी मूल्याङ्कन सन्दर्भमा तालिमबाट प्राप्त ज्ञान र सीपको कक्षा कोठामा प्रयोगको अवस्था राम्रो रहेको पाइन्छ । CERID २०६६ ले १९ प्रतिशत तालिम प्राप्त शिक्षकहरुले मात्र विद्यार्थीको दक्षता सफलतापूर्वक मूल्याङ्कन गर्ने उल्लेख गरेको छ । भने ५८ प्रतिशत शिक्षकले मात्र राम्रो उपलब्धीका हौसाला प्रदान गर्ने गरेको कुरा उल्लेख गरेको छ । उक्त निष्कर्षसँग मिल्दोजुल्दो नितिजा रहेको कुरा यस अध्ययनले देखाएको छ ।

### ४.३.८ पाठको सारांश र निष्कर्ष

पाठको सारांश र निष्कर्ष प्रदान गर्ने सीप पनि शिक्षकको लागि महत्वपूर्ण सीप हो । पाठको सारांश र निष्कर्ष प्रदान गर्न सीपको कक्षँकोठामा प्रयोगको अवस्थालाई तालिका ४.८ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.८

पाठको सारांश र निष्कर्ष प्रयोगको अवस्था

| क्र.सं. | तालिममा प्रदान गरिएका ज्ञान र सीपहरु | प्रयोग गर्ने शिक्षक संख्या | प्रयोग नगर्ने शिक्षक संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | विषयवस्तुको पुनरावृत्ति | १२ | ०३ | १५ |
| २ | विषयवस्तुको सारांश | १५ | ० | १५ |
| ३ | गृहकार्य प्रदान | १५ | ० | १५ |
| ४ | पाठको रुचिपूर्ण समाप्ति | १२ | ०३ | १५ |
| ५ | पाठको समाप्तिका लागि उपयुक्त समय व्यवस्थापन | १३ | ०२ | १५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

छनोटमा परेका तालिम प्राप्त शिक्षकहरुको कक्षा शिक्षणको अन्त्यमा पाठको सारांश र निष्कर्ष प्रयोग गर्ने शिक्षक तथा प्रयोग नगर्ने शिक्षकको विवरण दिएको छ । यस तालिकालाई विश्लेषण गर्दा पाठको सारांश र निष्कर्षको कक्षा कोठामा प्रयोगको अवस्था राम्रो रहेको देखिन्छ । जसमा विषयवस्तुको पुनरावृत्ति, विषयवस्तुको सारांश, गृहकार्य प्रदान, पाठको रुचिपूर्ण समाप्ति र पाठको समाप्तिका लागि उपयुक्त समय व्यवस्थापन गर्ने सीपको प्रयोग गर्ने शिक्षक संख्या अपेक्षित रुपमा राम्रो रहेको पाइयो भने उक्त सीपको प्रयोग नगर्ने शिक्षक संख्या एकदमै न्यून रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने शिक्षकले तालिमबाट प्राप्त यो सीपको प्रयोग राम्रो गरेको पाइन्छ । यसै गरी विद्यार्थीहरुका अनुसार शिक्षकले विषयवस्तुको पुनरावृत्ति, विषयवस्तुको

सारांश, गृहकार्य प्रदान गर्ने गरेको पाइयो । पाठको समाप्ति गर्दा शिक्षकले गृहकार्य दिने गरेको पाइएता पनि  अन्य रमाइला र हसिला कुराहरु नगर्ने कुरा उल्लेख गरेको पाइयो । यसले के स्पष्ट हुन्छ भने पाठको अन्त्य केही हद सम्म पुरानै तरिकाले हुने गरेको पाइयो ।

CERID २०६६ ले ४०  प्रतिशत शिक्षकले सन्तोषजनक रुपमा पाठको पुनरावलोकन गर्ने गरेको र ९५ प्रतिशत तालिम प्राप्त शिक्षकले गृहकार्यको प्रयोग गर्ने गरेको उल्लेख गरेको छ । यस बाट यस अध्ययनमा पनि गृहकार्य प्रयोग गर्ने, पाठको पुनरावलोकन गर्ने, पाठको समाप्ति, सारांश दिने आदि सीपहरुमा तालिम प्राप्त शिक्षकले प्रयोग गर्ने गरेको पाइयो ।

यस अध्ययनले के स्पष्ट पारेको छ भने सापेक्षिक रुपमा तालिम प्राप्त शिक्षकहरुले शिक्षण सिकाइ प्रक्रियामा ज्ञान र सीपको प्रयोग राम्रो गरेको पाइयो । यो अध्ययन मुख्यतय प्याभलवको व्यवहारवादी सिकाइ सिद्धान्त र भिगोत्स्कीको निर्माणवादको आधारमा रहेको छ । प्याभलवको अनुसार तालिम शिक्षकका लागि अनिवार्य रहन्छ र यसले शैक्षणिक प्रकृयाको गतिलाई व्यवहारिक रुपमा परिणत गर्दछ । यस सिद्धान्तले उल्लेख गरे अनुसार तालिम व्यवहारिक परिवर्तनको मुख्य सर्त हो । यस अनुसन्धानको प्राथमिक तथ्याङ्कहरु विश्लेषण गर्दा तालिमद्वारा कक्षा शिक्षणमा राम्रो सुधार आएको पाइन्छ । यसैगरी भिगोत्स्कीको अनुसार तालिम व्यवहार निर्माण गर्ने मुख्य अंग हो । यसले शिक्षकको शिक्षण व्यवहारमा उल्लेखनिय परिवर्तन गरेको हुन्छ । भिगोत्स्कीको शिक्षणमा तालिमले शिक्षकहरुमा नयाँ नयाँ ज्ञानको खोजी गर्न मद्दत पुऱ्याउँछ भनेका छन् । यस अनुसन्धानमा शिक्षक तथा विद्यार्थीको व्यवहार परिवर्तन तथा व्यवहार निर्माण हुने भएकाले प्याभलवको व्यवहारवादी सिद्धान्त र भिगोत्स्कीको निर्माणवादको सिद्धान्तसँग मेल खाएको छ ।

# परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष र सुझावहरु

अनुसन्धान कार्यको अन्तिम भागमा अध्ययनको प्राप्ति, निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ । यस भागमा अध्ययनबाट प्राप्त तथ्याङ्क, निष्कर्ष तथा सुझावले अध्ययनको औचित्यलाई दर्शाउँदछ । प्रस्तुत अध्ययन इलाम जिल्लाका चमैता गा.वि.स. को डम्बरदेवी उ.मा.वि. चमैता, अमर उ.मा.वि. बरबोटे, साङ्गरुम्बा उ.मा.वि. साङ्गरुम्बामा आधारित भई गरियो । यस अध्ययनमा उद्देश्यअनुरुप सूचनाहरु संकलन गर्नको लागि शिक्षक अन्तर्वार्ता निर्देशिका, कक्षा अवलोकन फाराम र समूह छलफल सञ्चालन गरिएको थियो । उक्त सूचनाहरु संकलन गर्नको लागि कक्षा १-८ मा अध्यापनरत अनिवार्य विषयमा सबै शिक्षकहरु स्वतः छनौट गरिएको थियो । उक्त संकलित सूचना एवं तथ्याङ्कहरुको व्याख्या र विश्लेषण पश्चात् प्राप्ति, निष्कर्ष र सुझावहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

प्रस्तुत अध्ययनमा उद्देश्य अनुरुप सूचनाहरुको संकलन गरी विश्लेषण र व्याख्या गरिसकिएको छ । यस अध्ययनले छनोट गरेका विद्यालयका पाँच/पाँच जना शिक्षकबाट लिइएको तथ्याङ्कलाई विश्लेषण गर्दा निम्नानुसार प्राप्तिहरु पाइएको छ ।

यस अध्ययनमा सामेल भएका जनसंख्यामा महिला शिक्षक पाँच र पुरुष शिक्षक दस जना रहेका छन् । तालिमले सबै शिक्षकमा सकारात्मक परिवर्तन भएको थियो ।तालिमबाट प्रदान गरिएका ज्ञान र सीपको प्रयोग गर्ने शिक्षक संख्या, नगर्नेको तुलनामा बढी रहेको पाइयो । तालिम अनुरुप प्रदान गरिएका सीपको आधारमा कक्षाकोठा व्यवस्थापन नगरेको पाइयो । तालिम अनुरुप प्रदान गरिएका सीपको आधारमा कक्षाकोठा व्यवस्थापन गर्नको लागि उपयुक्त कक्षाकोठाको आकार, भौतिक सुविधा एवं आर्थिक समस्याहरु रहेको पाइयो । कक्षाकोठामा शैक्षणिक प्रक्रिया सञ्चालन गर्दा

कक्षाकोठामा लैङ्गिक र जातजातिगत समानता कायम गरेको पाइए तापनि अन्य प्रदान गरिएका सीपको प्रयोगको अवस्था अत्यन्तै न्यून रहेको पाइयो । पन्ध्र जना शिक्षक मध्ये दुई जना शिक्षक बिना यारी कक्षाकोठामा प्रवेश गर्ने गरेको पाइयो भने पाठको पुनरावलोकन, शैक्षिक सामग्रीको तयारी, स्रोतको उपयुक्त व्यवस्थापन गर्ने शिक्षकहरु आधारभूत तहमा बढि रहेको पाइयो । विद्यार्थी मूल्याङ्कन गर्ने सीप प्रयोगको अवस्था भने राम्रै रहेको पाइयो । विना योजना विद्यार्थी मूल्याङ्कन गर्न शिक्षक संख्या धेरै रहेता पनि मूल्याङ्कन पछि क्रमिक रुपमा पृष्ठपोषण राम्रो प्राप्तिको लागि पुरस्कार प्रदान, विद्यार्थी प्राप्तिको लेखा जोखाको लागि अवलोकन र प्रश्नको प्रयोग गर्ने शिक्षक संख्या जम्मा पन्ध्र जनामा एघार जना रहेको पाइयो । विषयवस्तुको प्रस्तुती गर्दा तालिममा प्रदान गरिएका सीपहरु उपयुक्त विषयवस्तुको छनौट, शैक्षणिक सामग्रीको क्रमबद्ध प्रयोग धारणा स्पष्ट पार्नको लागि स्पष्ट उदाहरणको प्रयोग, विषयवस्तुको सारांश प्रस्तुती गर्ने शिक्षक संख्या जम्मा पन्ध्र जनामा बाह्र जना रहेको पाइयो । शिक्षण विधिको प्रयोग अन्तर्गत प्रदान गरिएका शिक्षण विधि छनौट गर्ने सीप, उपयुक्त विधिको प्रयोग र समय-समयमा परिवर्तन गर्ने सीप प्रयोग गर्ने शिक्षक संख्या पन्ध्र जनामा दस जना रहेको पाइयो ।

समय-समयमा शिक्षण विधि परिवर्तन गर्ने सीप प्रयोग आठ जना शिक्षकले मात्र गरेको पाइयो । शैक्षणिक सामग्रीको छनौट र प्रयोगको सीप प्रयोग गर्ने शिक्षक संख्या कम रहेको पाइयो । शैक्षिक सामग्रीको प्रयोग गर्ने शिक्षक संख्या पन्ध्र जनामा सात मात्र रहेको पाइयो । यस्ता सामग्री प्रयोग नगर्नुमा झञ्झटिलो मान्ने, सामग्री निर्माणको लागि आर्थिक समस्या, विद्यालयमा शैक्षिक सामग्री उपलब्ध नरहेको जस्ता कारणहरु रहेको पाइयो । तुलनात्मक रुपमा अन्य सीपको प्रयोगको तुलनामा पाठको सारांश र निश्कर्ष प्रदान गर्ने सीपको प्रयोगको अवस्था अत्यन्तै राम्रो रहेको पाइयो । विषयवस्तुको प्रस्तुती, सारांश, गृहकार्य प्रदान, पाठको रुचिपूर्ण समाप्ति, पाठको समाप्तिका लागि उपयुक्त समय व्यवस्थापन गर्ने शिक्षक संख्या क्रमशः पन्ध्र जनामा तेह्र जना रहेको पाइयो । तालिम प्राप्त शिक्षकमा अप्राप्त शिक्षक भन्दा शिक्षण शैली तुलनात्मक रुपमा भिन्न पाइयो । यसमा अनुसन्धानकर्ताले तालिमप्राप्त र अप्राप्त

शिक्षकको कक्षा शिक्षण कला अवलोकन गर्दा तालिम प्राप्तले प्रभावकारी शिक्षण गरेको पाइयो ।

## ५.२ निष्कर्ष

अध्ययनमा प्राप्त सूचनाहरुको विश्लेषण गर्दा आधारभूत तह शिक्षक तालिममा प्रदान गरिएका ज्ञान र सीपको कक्षाकोठामा प्रयोग सबै शिक्षकहरुले नगरेको पाइयो । तालिम प्राप्त शिक्षकहरुले कक्षा शिक्षण गर्दा तालिममा प्रदान गरिएका सीप अनुरुप शिक्षण नगरी पुरानै तरिकाबाट शिक्षण गर्ने शिक्षकको संख्या बढी रहेको देखिन्छ । तालिममा प्रदान गरिएका सीपहरु अन्तर्गत कक्षाकोठा व्यवस्थापन सीप अन्तर्गत प्रदान गरिएका सीपहरुको प्रयोगका लागि उपयुक्त कक्षाकोठाको आकार, भौतिक एवं आर्थिक स्रोतको अभाव रहेको देखिन्छ । यसैगरी शिक्षक तयारी विषय वस्तुको प्रस्तुत, शिक्षण विधिको प्रयोग, शैक्षणिक सामग्रीको छनौट र प्रयोग कक्षाकोठामा शैक्षणिक प्रक्रिया विद्यार्थी मूल्याङ्कन, पाठको सारांश र निष्कर्षसँग सम्बन्धित सीपहरुको प्रयोगको अवस्था पनि अत्यन्तै न्यून रहेको देखिन्छ ।

आधारभूत तहमा शिक्षक तालिममा प्रदान गरिएका सीपको  आधारमा शिक्षण गरेमा शिक्षण सिकाई प्रक्रिया सहभागितात्मक बाल केन्द्रित, प्रभावकारी एंव रुचिपूर्ण हुने अपेक्षा गरिए तापनि तालिम अनुरुप प्रदान गरिएका सीपको प्रयोग आंशिक रुपमा मात्र हुने गरको पाइन्छ ।

कक्षाकोठामा प्रभावकारी शिक्षण गर्न तालिम अनुरुपका व्यवहारको कार्यन्वयन पक्षमा सन्तोषजनक स्थिति नरहेको पाइन्छ । तालिम अनुरुप प्रदान गरिएको ज्ञान र सीपको पूर्ण रुपमा कक्षाकोठामा प्रयोग हुन नसकेको निष्कर्ष निकाल्न सकिन्छ । यसका पछाडि विद्यालयको आर्थिक तथा भौतिक अवस्था कम्जोर हुनु, तालिम दिने निकायबाट अनुगमन नहुनु, उचित दण्ड र पुरस्कारको व्यवस्था नहुनु र परम्परागत शिक्षण प्रकृया नै मुख्य कारण रहेको देखिन्छ ।

### ५.३ सुझावहरु

सामुदायिक (सरकारी) विद्यालयको आधारभूत तहमा केन्द्रित रहेर गरिएको यो शोधपत्रमा प्राप्त तथ्याङ्क र सो को व्याख्या विश्लेषण तथा प्रस्तुत प्राप्ति र निष्कर्षका आधारमा शिक्षक तालिमवाट लिइएका सीपहरुको कक्षा शिक्षणमा प्रयोगलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन निम्न अनुसारका वेग्लावेग्लै तहका लागि वेग्लावेग्लै सुझावहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

#### ५.३.१ नीति निर्माण तहका लागि सुझावहरु

सामुदायिक विद्यालयहरुको कक्षाकोठामा प्रर्याप्त अभ्यासको लागि समय नपुग्ने भएकोले विद्यालय एंव विद्यार्थीको स्थानीय परिवेशको पहुँचमा रहने शैक्षिक सामग्रीको प्रयोगलाई प्राथमिकता दिई त्यसका लागि विद्यालयको कक्षाकोठा व्यवस्थापनका लागि नियमावलीमा व्यवस्था भए बमोजिमको कक्षाकोठाको आकारको व्यवस्था हुनु आवस्यक छ । विद्यालयहरुमा पर्याप्त मात्रामा आर्थिक एंव भौतिक स्रोतहरु उपलव्ध गराउन आवश्यक देखिन्छ । जसले गर्दा खरिद गर्नु पर्ने खालका शैक्षिक सामग्रीहरु समेत खरिद गर्न सकियोस । विश्वमा भएका नविनतम ज्ञान, सीप र प्रविधिको वरेमा छोटो अवधिका पुनर्ताजगी तालिमहरु संचालन गरिनु आवश्यक छ । तालिमवाट सिकेका सीपहरु कक्षाकोठामा प्रयोग गराउने सम्बन्धी प्रधानाध्यापकहरुलाई पूर्ण अधिकार दिएर अनुगमन मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक र विश्वसनिय बनाउन स्पष्ट सरकारी नीति तर्जुमा गर्न आवश्यक देखिन्छ । सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो पेशा प्रति जवाफदेहि बनाउने प्रक्रिया अपनाउनु पर्ने देखिन्छ । शिक्षकहरुलाई गैर राजनीतितर्फ उत्प्रेरित गराउनु पर्ने देखिन्छ । विद्यालयमा शैक्षिक कार्यक्रमको अनुगमन गरी शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाउन विद्यालय निरीक्षक, स्रोत व्यक्ति एंव स्रोतकेन्द्रहरुको  व्यवस्था गरिएको भएता पनि तिनीहरुको भूमिका औपचारिकतामा मात्र सीमित रहेको अवस्थालाई अन्त्य गरी तोकिएको जिम्मेवारी प्रति सक्रियता वढाउनु पर्ने देखिन्छ ।

### ५.३.२ अभ्यासतहका लागि सुझाभहरु

कक्षाकठाको शिक्षाण सिकाई कियाकलाप प्रभावकारी भए मात्र अपेक्षित सिकाई उपलब्धि पूरा हुन सक्दछ । शिक्षण प्रभाबकारी रहोस  भनी शिक्षकहरुलाई विभिन्न रुपमा तालिम दिईएको हुन्छ । समाजमा एउटै परिवारमा छोरा र छोरीलाई वेग्लालेग्लै विद्यालयमा पठाउने र उनीहरुलाई घरमा पनि वेग्लावग्लै शैक्षिक वातावरण सृजना गर्दा वालमनोविज्ञानमा समेत नराम्रो असर पर्ने भएकोले यस्तो अवस्थालाई तत्काल हटाउनु पर्दछ । विद्यालयको शैक्षिक कार्यक्रमलाई व्यवस्थित प्रकारले संचालन गरी विद्यार्थीहरुलाई उच्च शैक्षिक उपलब्धि हासिल गर्न सक्षम बनाउने तर्फ विद्यालय प्रंशासन उत्साहित हुनुपर्दछ । त्यसै गरी तालिमवाट प्राप्त सीपहरुको प्रयोग गरी शिक्षण गर्ने शिक्षकलाइ पुरस्कार र नगर्ने शिक्षकलाई दण्डको व्यवस्था तत्काल गर्नु पर्दछ । सम्वन्धित निकायवाट तालिम बाट प्रदान गरिएको ज्ञान र सीप शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरे नगरेको नियमित रुपमा अनुगमन गनुपर्दछ । त्यसै गरी शिक्षक तथा विद्यालयलाई शैक्षिक सामग्री निर्माण र प्रयोग गर्नलाई आर्थिक एंव प्राविधिक सहयोग प्रदान गर्नुका साथै स्थानीय शैक्षिक सामाग्री निर्माण र प्रयोग गर्नमा प्रोत्साहन गर्नु पर्दछ । शिक्षक तालिम व्यवहारिक एवं चिरस्थायी वनाउन शिक्षक आफैले प्रत्यत्न गर्नुपर्ने, तालिममा सिकेको ज्ञान सीपलाई आफ्नो कार्य क्षेत्रमा लगाउन अभिप्रेरित गराउनु पर्ने देखिन्छ । साथै विद्यालय परिवार शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समितिको नियमित बैठक बसी शिक्षकहरुको कामचोर प्रवृति, जागिरे मनोवृत्तिलाई हतोस्साहित पार्नु पर्ने हर  हमेसा गुणस्तरिया शिक्षा र तालिमको अवस्था अीद बारेमा समेत बैठक केन्द्रित रहनु पर्दछ ।

### ५.३.३ अनुसन्धान तहका लागि सुझवहरु

नेपाल अहिले राजनीतिक, आर्थिक र सामाजिक रुपान्तरणको प्रक्रियामा गुज्रिरहेको छ । आ- आफ्ना भाषा, संस्कृतिको संरक्षण र विकासका लागि विद्ययमान लिङ्गिय, जातिय र क्षेत्रिय विभेधलाई  अन्त्य गर्नका लागि राज्यसत्ताको समग्र स्वरुपको पुर्नसंरचना हुनुपर्ने विषय गम्भिर समस्याको रुपमा आएको छ । यस्तो अवस्थामा

नेपालको शिक्षा पद्धतिको पुनसंरचना कसरी गर्ने र त्यस क्रममा शैक्षिक क्षेत्रले भोगिरहेको गम्भिर समस्यामा कसरी र कस्तो समाधान खोज्ने  भन्ने महत्वपूण प्रश्न अनुसन्धान तहको सतहमा आएको छ । यो अध्ययनको क्रममा जे जति विषयहरु उठेका छन् त्यसले समाज र राज्यको विभिन्न संघटकहरुको शिक्षामा कस्तो दायित्व हुने, कुन कुन पक्षमा को जवाफदेहि हुने, स्रोत साधनमा पहुँच र परिचानलको अधिकारका सवालहरु पनि प्रकट भएका छन् । शिक्षक विद्यार्थी अनुपात, तहगत र विषयगत शिक्षकको व्यवस्था, विद्यालयको भौतिक निर्माण र विकास। शिक्षकको पेशागत सुरक्षा तथा पेशाप्रतिको जवाफदेहिता, विद्यालयको समग्र शैक्षणिक कार्यक्रमको अनुगमन आदि कार्यहरु के कस्ता मापदण्ड र प्रक्रियाबाट अपनाउनु वैज्ञानिक हुन्छ भन्ने कुरा व्यापक अनुसन्धान हुनु आवश्यक छ । त्यसै गरी यो विषय शिक्षक तालिमको कक्षाकोठामा प्रयोगलाई प्रभावकारी बनाउने  सवालसँग मात्र सम्वन्धित नभएर अहिले देशको समग्र शैक्षिक पुनसंरचनाको सवालसँग समेत सम्बन्धित छ भन्ने स्पष्ट हुन्छ । त्यसैले शिक्षामा शैक्षिक उपलब्धि वृद्धि गर्न गर्नु पर्ने कार्यहरुको अनुसन्धान गर्नु नितान्त आवश्यक भएको प्रस्ट हुन्छ ।